म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ८३ मंगलबार १३ कात्तिक २०८१ ने. सं. ११४४ कौलागा 29 October 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

जुवातासले गर्छ सर्वनाश

जुवातासको लतले,
☞ पारिवारिक कलह, झै-झगडा हुने गर्छ,
☞ सामाजिक तथा पारिवारिक वातावरण अशान्त र कोलाहलपूर्ण हुन्छ,
☞ सम्पत्तिको नाश र परिवारको बिचल्ली हुन सक्छ,
☞ सामाजिक र आर्थिक संकट उत्पन्न हुन्छ, श्रपारिवारिक बिखण्डनको सम्भावना बढ्छ,
☞ सन्ततिहरू समेत कुलतमा फस्ने सम्भावना हुन्छ,
☞ सामाजिक प्रतिष्ठामा आँच आउछ,
त्यसैले सम्पत्ति हारजित हुने जुवालगायतका खेल नखेलौं,
परिश्रममा विश्वास गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

तिहार सुरु, हेटौंडामा चहलपहल बढ्यो

साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ यस वर्षको यमपञ्चक अर्थात् नेपालीको दोस्रो ठूलो चाड शुभदीपावली (तिहार) १३ कात्तिक मंगलबार अर्थात आजबाट सुरु हुँदैछ ।

नेपालीको ठूलो चाड वडादशैं सकिएको करिब १५ दिनमा तिहार मनाइने गरिन्छ । तिहार सकिएको करिब हप्ताभित्रै तराईका मधेशी समुदायको ठूलो चाड छठ पर्वपनि मनाइने गरिएको छ । छठपर्व तराईमा मात्र नभई पछिल्लो समय भित्रि मधेशको हेटौंडा, चितवन, पोखरा, सिन्धुली हुँदै पहाडी क्षेत्रमा पनि भव्य रुपले मनाइने गरिन्छ । यतिबेला भने तिहार पर्वको नजिक हेटौंडा बजारमा सर्वसाधराणको भिड लाग्न थालेको छ । तिहारका लागि बजारमा किनमेल गर्न सर्वसाधारणको चहलपहल बढेको हो ।

हेटौंडा-१ राप्तीरोड स्थित हेटौंडा अस्पतालको अगाडि तिहारको सामग्री अरिदबिक्री गर्नेहरुको भीड बढेको छ । आज मंगलबार धनत्रयोदशी (धनतेरस) पर्व मनाइन्छ । धनतेरसका दिन धनहरु घरमा भित्र्याउने चलन परम्पराकाल देखि चल्दै आएको छ । यमदीपदान भने कात्तिक १४ गते बुधबार परेको छ । कागतिहार पनि बुधबार नै मनाउनुपर्ने पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ । आयुर्वेदका प्रवर्तक धन्वन्तरीजयन्ती पनि बुधबार नै मनाइन्छ ।

यसैगरी, भाइटीकाको साइत विहान ११ बजेर ३७ मिनेटमा रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ । यही कात्तिक १८ गते आइतबार बिहान ११:३७ बजे भाइटीकाको साइत उत्तम रहेको समितिको सोमबारको बैठकले निर्णय गरेको कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले जानकारी दिए । पश्चिम मोहडा गरेर भाइटीका लगाउनुपर्ने पनि समितिले जनाएको छ । नेवार समुदायले मनाउने किजापूजा पनि त्यसै दिन गर्नुपर्ने जनाइएको छ ।

कुकुर तिहार, नरक चतुर्दशी, दीपमालिका र लक्ष्मीपूजा पनि कात्तिक १५ गते बिहीबार मनाउनुपर्छ । कात्तिक १६ गते शुक्रबार औँशी परेको छ । त्यस दिन भने तिहारको कुनै पर्व नपरेको समितिले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । कात्तिक १७ गते शनिबार गाई, गोरुपूजा, गोवर्धनपूजा, बलिपूजा, हलीतिहार, म्हपूजा र नेपाल संवत् ११४५ प्रारम्भ पनि परेको छ । यसैगरी कात्तिक २२ गते बिहीबार छठ पर्व परेको पनि समितिले जनाएको छ ।

आज धन्तेरसको दिन साँझमा एउटा दियो बालेर त्यसको नजिक एउटा कौडा राखिदिनुपर्छ । त्यो कौडालाई रातो कपडामा बेरेर सेफ अथवा पैसा राख्ने ठाउँमा राख्दा घरमा कहिल्यै पैसाको कमी हुँदैन भन्ने धार्मिक मान्यता रहेको संस्कृतिविद् रामचन्द्र आचार्य फुर्सती बताउँछन् । धन्तेरसमा चाँदीको सिक्का र काँचो बेसारको टुक्रालाई पूजा गर्नाले जीवनमा उन्नती र प्रगति प्राप्त हुने मानिन्छ ।

पञ्चाङ्ग बमोजिम प्रत्येक वर्ष कार्तिक कृष्णपक्षको त्रयोदशी अथवा काग तिहारका दिन दिन धनवन्तरी त्रयोदशी अर्थात धनतेरस मनाउने चलन छ । तर, यो वर्ष एकदिन अगाबै धनत्रयोदशी र धनतेरस परेको छ । सोमबार एकादसी भएपनि तिथिको घटबढले धनतेरस एक दिन अगाबै परेको हो । यो दिन मूलत: आयुर्वेदका प्रवर्तक धन्वन्तरी र धनका देवता कुबेरको जन्मोत्सव मनाउने पर्व हो । धनतेरसका दिन नेपालको तराइक्षेत्र र भारतमा नयाँनयाँ भाँडाकुँडा र सुनचाँदीका गरगहना किनमेल गर्ने परम्परा छ ।

समाजका उच्च, मध्यम वा निम्न सबै वर्गका व्यक्तिहरुमा आफ्ना आवश्यकता र विलासिताका कतिपय महत्वपूर्ण चिजबिजको किनमेलका लागि वर्षभरि यही विशिष्ट दिनको प्रतीक्षा गर्ने गर्दछन् । यस पर्वमा यसरी नै किनमेल गर्नुपर्छ भन्ने सन्दर्भ कहिले र कसरी आरम्भ भयो भन्ने विषयमा कुनै निश्चित प्रमाण भने छैन । तर, धन्वन्तरिको प्रादुर्भाव समुद्रमन्थनबाट भएको र उत्पन्न हुँदा उनले हातमा अमृतले भरिएको कलश लिएर आएका हुनाले यस दिनलाई भाँडाकुँडा किनमेलका लागि शुभ मान्न थालिएको बताइन्छ ।

रोयल्टी बाँडफाँटको व्यवस्था पुनरावलोकनबारे अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हेटौंडामा सोमबार अन्तर क्रिया भएको छ । बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेको प्रमुख आतिथ्यता एवम् आयोगका अध्यक्ष बालानन्द पौडेलको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने रोयल्टी तीन तहका सरकारबीच बाँडफाँटका लागि भएका व्यवस्था पुनरावलोकन सम्बन्धी प्रदेशस्तरीय संवाद गरेको हो । प्राकृतिक स्रोतको परिचालनबाट अहिले ५० प्रतिशत संघ र २५/२५ प्रतिशत प्रदेश र स्थानीय सरकार मा जाने व्यवस्था रहेको छ । सोही व्यवस्थालाई पुनरावलोकन गर्नका लागि आयोगले प्रदेशस्तरमा गएर सुझाव संकलन गर्न थालेको हो ।

आर्थिक मामिला तथा योजनामन्त्री काफ्लेले प्राकृतिक श्रोतको संरक्षण गर्नेलाई स्वभाविक रुपमा बढी रोयल्टी दिनुपर्ने बताए । उनले संघीयताको पालनालाई प्राथमिकतामा राख्दै तीनै तहको सरकारलाई बलियो बनाउने गरी रोयल्टी वितरण गर्नुपर्ने बताए ।

छलफलमा सहभागीले प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धित श्रोतको संरक्षण, प्रवर्द्धन तथा सोबाट प्रभावितको क्षेत्रका लागि प्रयोग गर्नुपर्ने बताएका थिए । सहभागीले प्राकृतिक श्रोतको विषय क्षेत्र थप गर्न समेत आयोगलाई सुझाव दिएका छन् ।

प्राकृतिक स्रोतको संरक्षण स्थानीय तहले गर्ने भएकाले रोयल्टी बढाउनुपर्ने स्थानीय तहको माग छ । नेपालमा पर्वतारोहण, जलविद्युत्, खानी तथा खनिज, राष्ट्रिय वन, संरक्षित वन र रेडियो फ्रीक्वेंन्सीको प्रयोगबाट रोयल्टी लिने गरिएको छ । रोयल्टी बाँडफाँटको व्यवस्था हरेका ५/५ वर्षमा पुनरावलोकन गर्नका लागि आयोगले नेपाल सरकारलाई सिफारिस गर्ने संवैधानिक व्यवस्था रहेको छ ।

कार्यक्रममा उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री सुकुमाया तामाङ, संस्कृति, पर्यटन तथा सहकारीमन्त्री विमल ठकुरी, उद्योग, पर्यटन तथा वातावरण समितिका सभापति आनन्दकुमार श्रेष्ठ, सांसद लक्ष्मीदेवी श्रेष्ठ, नीति तथा योजना आयोगका सदस्य गुणराज मोक्तान, डा. दीपेन्द्र श्रेष्ठ, प्रमुख सचिव डा. हरिप्रसाद लम्साल, विभिन्न मन्त्रालयका सचिव, गाउँपालिका महासंघ, सरोकारवाला निकायका प्रतिनिधिलगायतको सहभागिता रहेको थियो । कार्यक्रममा सहसचिव होमनाथ पौडेलले कार्यक्रमबारे प्रकाश पारेका थिए ।

मकवानपुरमा खैरोहेरोइन र डाइजेपामसहित ५ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ मकवानपुर प्रहरीले विभिन्न स्थानबाट ११ ग्राम लागूऔषध खैरोहेरोइन र ६ सय एम्पुल डाइजेपामसहित ५ जना पक्राउ गरेको छ ।

हेटौंडाको थानाभन्ज्याङबाट खटिएको प्रहरीटोलीले हेटौंडा उपमहानगरपालिका-११ नमुना टोलबाट २३ वर्षीय सुजन गुरुङ र वडा नम्बर १० का ३३ वर्षीय अजय गहतराजको साथबाट ४ ग्राम र प्रहरीचौकी चौकीटोलबाट खटिएको प्रहरीटोलीले हेटौंडा उपमहानगर पालिका-१ चौकीटोलमा डेरा गरी बस्ने २३ वर्षीय अरुण नेपालीको कोठाबाट ७ ग्राम गरी ११ ग्राम खैरोहेरोइन बरामद गरेको हो ।

यसैगरी प्रहरीचौकी र तोमाटे मकवानपुरबाट खटिएको प्रहरीटोलीले हेटौंडा उपमहानगर पालिका-१५ पिपलबोटस्थित पूर्व-पश्चिम सडक खण्डमा सवारीसाधन रोकी चेक गर्ने क्रममा पथलैयाबाट हेटौंडातर्फ आउँदै गरेको बा ५४ प ६५९८ नम्बरको स्कुटर चालक इलामका ३५ वर्षीय दिपेश श्रेष्ठ र स्कुटर पछाडि बस्ने पर्सा पोखरीया नगरपालिका-६ का २४ वर्षीय लालबाबु पासवानले स्कुटरमा फल्स बटम बनाई लुकाई ल्याइएको अवस्थामा फेनार्गन २०० एम्पुल, नुफिन २०० एम्पुल र डाइजेपाम २०० एम्पुल गरी ६०० एम्पुल डाइजेपाम बरामद गरेको छ ।

पक्राउ परेका सबैलाई मकवानपुर जिल्ला अदालत हेटौंडाबाट लागूऔषध मुद्दामा थप अन्सुन्धान गर्न प्रहरीले ५ दिनको अनुमति लिएको छ ।

अदालतबाट दोषी ठहरिएका हेटौंडाका न्यौपाने पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ लागुऔषध मुद्दामा मकवानपुर जिल्ला अदालतबाट दोषी ठहर भएका एक फरार अभियुक्तलाई मकवानपुर प्रहरीले आइतबार पक्राउ गरेको छ ।

जिल्ला अदालतले २०८० साउन १४ गते खैरोहेरोइन मुद्दामा ७ महिना २६ दिन कैद तोकिएका हेटौंडा उपमहानगपालिका-४ का समर भन्ने टेकनाथ न्यौपानेलाई प्रहरीले हेटौंडा उपमहानगरपालिका-१० बसपार्कबाट पक्राउ गरेको हो । कैद असुली गर्नका लागि प्रहरीले न्यौपानेलाई जिल्ला अदालतमा बुझाएको थियो । अदालतले न्यौपानेलाई क्षेत्रीय कारागार भीमफेदी पठाएको छ ।

आकर्षक जग्गा बिक्रीमा

हेटौंडा-११ स्थित सुन्दर बस्ती डाङडुङ्गेमा रहेको बजारबाट २ कि.मि. मात्र दुरी भएको, होटल हेटौंडा हाइटबाट १०० मि. पछाडि २ कठ्ठा १५ धुर क्षेत्रफल भएको आकर्षक जग्गा बिक्रीमा भएको हुँदा इच्छुकले तु.सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. ९८४५४६१०३४

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N_2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

पर्वको उमङ्ग
इन्टरनेट TV संग दङ्ग
CLASSIC TECH
छाना माथी घिरौला
आधा पछि तिरौला
200 Mbps
इन्टरनेट टि.भि.
रू ~~१,२४१२~~ वार्षिक
रू ४,०२१ ६ महिना
टि.मि.च्यानल्स रू २५० प्रति महिना*
9801004477 / 9802922304
www.classic.com.np

साझाकुरा

हाम्रो कुरा

राज्यकोष बाँड्ने कानुनमै 'छिद्र'

कृषिप्रधान मुलुकका जनप्रतिनिधिको कृषि क्षेत्रमा उदासिनता रहेको पाइएको छ । बागमती प्रदेश सरकारले प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा अनुदान बितरण गर्ने जस्तो संवेदनशील विषयमा बढी उदारबादी देखिएको हो । प्रदेशसभा सदस्यले छलफल गरेर अन्तिम रुप दिइएको विधेयकमा सम्बन्धित निकायले कुनैपनि जोखिम नलिने गरी कानुन बनाउन खोजिएको छ । राज्यको ढुकुटी दुरुपयोग हुनसक्ने गरी विधेयकमा छिद्र राखिएको छ । कानुनलाई आफ्नो अनूकुल प्रयोग गर्न मिल्ने गरी तीनवटा निकायले अनुदान मनपरी ढङ्गले बाँड्नसक्ने छिद्र र खेर विधेयक बनेको हो । विगतका दिनमा अनुदान वितरण गर्दा वास्तविक किसानले पाउन नसक्ने तर, पहुँचवाला नक्कली किसानले सजिलै लिन सक्ने कानुन बनेको भन्दै किसानले चर्को विरोध गर्दै आएका थिए । विधेयकमा गम्भीर त्रुटी भेटिएपछि बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले प्रदेशसभामा विधेयक पुनर्विचारका लागि फिर्ता गरेका छन् । देवकोटाले प्रदेशसभाको ७ असोजमा बसेको बैठकले पारित गरेका दुईवटा विधेयक प्रमाणीकरण गर्दा कृषि विधेयक फिर्ता पठाएका हुन् । प्रदेशसभाको शिक्षा, स्वास्थ्य तथा कृषि समितिको गत भदौ १४ मा बसेको बैठकबाट पारित कृषि विधेयकलाई ७ असोजको प्रदेशसभा बैठकले पास गरेर प्रमाणीकरणका लागि प्रदेशप्रमुखको कार्यालयमा पठाइएको थियो । विधेयकको दफा १४, १५, २१, २२, २७ र २९ मा गम्भीर त्रुटी रहेको भन्दै सभामुख भुवनकुमार पाठकलाई सन्देशसहित विधेयक फिर्ता गरिएको हो ।

कृषि विधेयकलाई प्रदेश मन्त्रिपरिषद्ले २०८० भदौ ५ मा प्रदेशसभामा पेश गर्ने निर्णय गरेको थियो । यो विधेयक प्रदेशसभाको कृषि समितिमा करिव एक वर्ष प्राथमिकतामा नपरेकै कारण थन्किएको थियो । कृषिक्षेत्रमा अनुदान वितरण गर्ने जस्तो दीर्घकालीन असर गर्ने गम्भीर विषयमा बनाइएको विधेयक झारा टार्ने गरी ल्याइएको हो । मन्त्रिपरिषद्को कार्यालय, कानुन मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र कृषि मन्त्रालयका अधिकारीहरु सहभागी एकपटकको छलफलबाट विधेयक मन्त्रिपरिषद् लगेको कानुन शाखाको अभिलेखमा छ । कृषिसँग सम्बन्धित सरोकारवाला निकाय, कृषिविज्ञ, किसानसँग कुनै सरोकार नराखी प्रदेश सरकारका सीमित अधिकारीले तयार गरेको मस्यौदा प्रदेशसभामा पठाइएको थियो । एउटा विधेयक तयार हुन विज्ञ, सम्बन्धित निकायका व्यक्तिको राय लिएर करिब ६ महिना लाग्ने बताइएको छ । प्रदेश सरकारले एक वर्षअघि नै तयार गरेको कृषि विधेयकको दफा १४, १५ मा कृषि सेवा टेवा र बीउपूँजी उपलब्ध गराउने सम्बन्धी व्यवस्थाले अनुदान तीनवटा निकायबाट वितरण गर्न सकिने खुकुलो बनाएको छ । जब की, अनुदानलाई एकद्वार प्रणालीबाट वितरण गनुपर्ने वास्तविक किसान र कृषिविज्ञले बहस गर्दैआएका छन् । विधेयकको दफा १४ ले मन्त्रालय वा कार्यालयले कृषिउपज उत्पादन, भण्डारण, प्रशोधन, बजारीकरण र निर्यात प्रवर्द्धनमा सहयोग गर्न सेवा टेवा उपलब्ध गराउने उल्लेख छ । दफा १५ ले कृषिक्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न प्रदेश सरकारले ऐन बमोजिम सूचिकृत किसानलाई बीउपूँजी उपलब्ध गराउने उल्लेख छ ।

अनुदान दुरुपयोग भइरहेका कारण एकद्वार प्रणालीबाट अनुदान वितरण हुनुपर्ने आवाज उठिरहेका बेला कृषि मन्त्रालयले अनुदान बाँडफाँडमा थप जटिलता उत्पन्न हुने गरी विधेयक ल्याएको हो । विधेयकले एउटै प्रकृतिको अनुदान प्रदेश सरकार, मन्त्रिपरिषद्, मन्त्रालय र कार्यालयले बाँड्न सक्ने गरी व्यवस्था गरेको कानुनी दृष्टिले अमिल्दो रहेको छ । नीतिनियम बनाउने मन्त्रालयले कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयको अधिकार नै खोस्ने गरी विधेयक ल्याएको छ । विधेयकमा उल्लेख गरिएको बीउपूँजी वितरण प्रदेश सरकार अर्थात् मन्त्रिपरिषद्ले गर्ने व्यवस्था आफैंमा त्रुटीपूर्ण रहेको छ । नीति, नियम बनाउने र नियमन गर्नुपर्ने निकायले अनुदान वितरण गर्दा निर्णयउपर उजुरी र पुनरावेदन गर्ने ठाउँ नै नहुने अवस्था विधेयकले सिर्जना गर्न खोजेको छ । दफा १४ ले मन्त्रालय वा कार्यालय तथा दफा १५ ले प्रदेश सरकार अर्थात मन्त्रिपरषद्ले बीउपूँजी दिने कार्य अमिल्दो र मन्त्रिपरिषदले मन्त्रालयले बनाएको कार्यविधि र मापदण्डमा टेकेर कार्य गर्ने व्यवस्था त्रुटीपूर्ण रहेको छ । प्रदेश सरकार, मन्त्रिपरिषद् र मन्त्रालय अनुदान वितरणमा प्रत्यक्ष संलग्न नभई नीति निर्माणमा सक्रिय हुने गरी विधेयक परिमार्जन उपयुक्त हुने सन्देश प्रदेशप्रमुखले सभामुखमार्फत् प्रदेशसभालाई पठाएका हुन् ।

नागरिकले महसुस गर्न नसकेको सरकारको प्रगति

✍डा. चन्द्रमणि अधिकारी

विकास बारे फरक मान्छेका फरक धारणा र बुझाइ हुनसक्छ । कहिलेकाहीं त विकासका विषयमा सरकारको भनाइ र गराइ तथा जनताको बुझाइ एवं अनुभूति बीच तालमेल मिलिरहेको हुँदैन । सरकार आफू क्रियाशील रहेको र जनताप्रति समर्पित रहेको कुरा सम्प्रेषित गरिरहेको हुन्छ तर यथार्थमा त्यस्तो भएको हुँदैन । तर नतिजा र जनअनुभूतिको आधारमा विकासको बुझाइ एउटै हुनुपर्ने हो ।

जसरी हालै प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारको १०० दिनको प्रगति प्रस्तुत गर्नुभयो । उहाँले सरकारले वितेको १०० दिनमा लिएका नीति तथा गरेका र गरिरहेका कार्यक्रम, काम तथा क्रियाकलापका लामो सूची प्रस्तुत गर्नुभयो । यद्यपि सरकारले यो १०० दिनमा पृथक् ढंगले काम गरेको र सेवा-सुविधाको प्रभावकारिता बढेको अनुभूति आम नागरिकले गर्न सकेका छैनन् । अर्थतन्त्रको आन्तरिक पक्षहरू कमजोर नै छन् । लगानी, पूँजीगत खर्च, उत्पादन, नागरिकको आय र सरकारको राजस्व र पूँजी बजारमा देखिएका समस्या र चुनौती यथावत् छन् । आयात र निर्यात दुवै खुम्चिएका छन् ।

रोजगारी र उच्च शिक्षाको लागि विदेश जानेको संख्यामा कमी आएको छैन । जनताले पनि सरकारले गरेका भनेको प्रगति र विकासको गति र नतिजाको अनुभूति गरेका पनि छैनन् । खासगरी विकासोन्मुख तथा अल्पविकसित देशमा विकासको गति, अनुभूति र यथार्थता बारेमा यस्ता भ्रमहरू देखिने गर्छन् । यसका पछाडि मूलत: तीन कारण हुन सक्दछन् । पहिलो, विकास बारे बुझाइमा रहेको भिन्नता ।

दोस्रो, सरकारले गरेका विकाससँग जोडिएका कार्यको समीक्षा र मूल्याङ्कन त्रुटिपूर्ण भएको हुन्छ । कर्मचारीतन्त्रले वित्तीय तथा भौतिक प्रगतिको नाममा गरेको समीक्षाका सूचकहरू हचुवा, अवैज्ञानिक तथा मनोगत हुन्छन् । कागजमा मात्र प्रगतिका अंकहरू देखिने सूचकहरूले नागरिकको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सकेका हुँदैनन् ।

तेस्रो, जनताले अनुभूति गर्न सक्ने गरी काम हुनै नसकेको अवस्था वा प्राथमिकता र साधनको प्रयोग नै गलत भएको अवस्था हुन्छ ।

नेपालको सम्बन्धमा कहीं न कहीं यी तीनवटै कारणले काम गरेको देख्न सकिन्छ । यस पृष्ठभूमिमा विकाससँग जोडिएका कार्यक्रमको समीक्षा र मूल्याङ्कन गर्दा सामान्यतया तीन किसिमका तथ्य र जानकारीलाई आधार मानिनुपर्दछ ।

पहिलो, कार्यक्रम तर्जुमा र परियोजना निर्माण गर्दा निर्धारित गरिएका लक्ष्यहरूसँग जोडिएका प्रकाशित वा अप्रकाशित संख्यात्मक तथ्यहरूमा आधारित हुनुपर्छ ।

दोस्रो, जनताले पाउने सेवा-सुविधाका विषयसँग जोडिएका सम्भावित लाभग्राहीहरूसँगको तत्कालीन अभिमत सर्वेक्षण समावेश गर्नुपर्छ ।

तेस्रो, आम अनुभूति समावेश गर्न सक्नुपर्छ ।

तसर्थ, विकासको गति र गन्तव्यको मूल्याङ्कन गर्नु अगाडि यथार्थमा विकास के हो भन्ने बुझ्नु आवश्यक छ ।

आजभोलि जनता र सरकारसँग सम्बद्ध पक्षहरूले समेत संरचना र पूर्वाधार निर्माण गर्नुलाई विकास हो भनेर धारणा बनाउने प्रवृत्ति बढेको छ । तर वास्तवमा आवासीय तथा व्यावसायिक भवनहरू, ठूला र फराकिला सडक, ठूला-साना नहर, जलविद्युत् गृह, ट्रान्समिसन लाइन, हवाई अड्डाहरू, रेलवे, खेल मैदान र स्टेडियम, अस्पताल र विद्यालय भवन आदि बनाउनु भनेको विकासको लागि आधार तयार गर्नु हो, विकासमा जाने बाटो बनाउनु हो । यो आफैंमा विकास होइन, विकासका प्रक्रियाका चरण र पाइलाहरू मात्र हुन् ।

अझ त्यसमा पनि सीमित व्यक्तिले प्रयोग गर्ने आकाश छुने महल, डाँडाको टुप्पामा अग्ला टावर तथा उपयोगिता, आवश्यकता र स्रोतको उपलब्धताको मूल्याङ्कन नगरी भौतिक र सामाजिक पूर्वाधारहरूको निर्माण गर्ने कार्यले देशलाई उल्टो दिशातर्फ पो धकेलिदिन सक्दछ । यद्यपि भौतिक र सामाजिक पूर्वाधारहरूको निर्माण विकासको लागि अनिवार्य शर्त भएको हुँदा आवश्यकताका आधारमा निर्माण हुने पूर्वाधार र विकासबीच भने गहिरो सम्बन्ध रहन्छ ।

पर्याप्त, गुणस्तरीय तथा दिगो पूर्वाधारले विकासलाई अपेक्षित प्रतिफल प्राप्त हुने गन्तव्यमा पुग्न सहयोग गर्दछ । सही दिशा र गन्तव्य समातेको विकास वा परिवर्तनले थप पूर्वाधारको सिर्जना गर्न सहयोग पुऱ्याउँछ । पूर्वाधार-पूर्वाधार बीचको अन्तरसम्बन्ध र अन्तर निर्भरता पनि महत्वपूर्ण पाटो हो । जस्तै, सिंचाइको उपलब्धताले उत्पादकत्व बढ्यो भने उत्पादनलाई बजारसम्म पुऱ्याउन वा प्रशोधनस्थलसम्म पुग्याउन ढुवानीको भरपर्दो संरचना र साधनको आवश्यकता पर्दछ ।

थप मूल्य सिर्जना गर्न प्रशोधन वा स्वरूप परिवर्तनको आवश्यकता हुन्छ, जसमा शक्तिको प्रयोग अपरिहार्य हुन्छ, त्यसको लागि विद्युत् सम्बन्धी पूर्वाधारको आवश्यकता पर्दछ । यसैगरी अनुसन्धान, उत्पादन, भन्डारण, प्रशोधन तथा बजारीकरण बीचको चक्रीय सम्बन्धलाई गतिशील बनाइराख्न सूचना सम्बन्धी पूर्वाधारले महत्वपूर्ण भूमिका खेल्दछ । यी सबै क्षेत्रबाट उत्पादन र आय क्षमतामा भएको बढोत्तरीले देखाएको नतिजा सहज दिशातर्फ उन्मुख गराउन सामाजिक क्षेत्रमा पनि भौतिक र गैरभौतिक पूर्वाधारको आवश्यकता पर्दछ ।

उदाहरणको लागि नागरिकको बढेको आयलाई शिक्षा र स्वास्थ्यका क्षेत्रमा खर्चगरी जीवनलाई अझ सहज तथा गुणस्तरीय बनाउन शिक्षा र स्वास्थ्य सम्बन्धी संस्थागत तथा भौतिक पूर्वाधार चाहिन्छ । स्वास्थ्य सम्बन्धी सुविधा र सेवा प्रदान गर्न भवन, ल्याबरोटरी, सामग्री र औजारको आवश्यकता पर्दछ । नेपालको सन्दर्भमा कुरा गर्दा मूलत: ऊर्जा, यातायात, सिंचाइ र प्रविधिजन्य तथा सामाजिक पूर्वाधारको अवस्था अझै पनि नाजुक छ जसले गर्दा नागरिकको जीवनमा आउनुपर्ने सकारात्मक परिवर्तनको गति सुस्त देखिन्छ ।

उदाहरणको लागि हालै असोज ११ र १२ गते परेको उच्च वर्षाले काठमाडौं उपत्यकालाई बाहिरी क्षेत्रसँग जोड्ने सबै आवतजावत गर्न नसकिने अवस्था भई पूर्ण नाकाबन्दी गरिदिएको घटनालाई लिन सकिन्छ । वास्तवमा यी क्षेत्रका पूर्वाधारहरू ठिकठाक भएमा मात्र विकासको गन्तव्यमा पुग्ने यात्राले गति लिन्छ, अनि विकासको अनुभूत गर्ने बिन्दुमा चाँडो पुगिन्छ ।

हामी सबैलाई थाहा छ, विकासको सरोकार जनसंख्या वा नागरिक र भूगोलसँग हुन्छ । लक्ष्यको अन्तिम विन्दु जनताको खुशी हो, जनसन्तुष्टि हो । यसरी लक्ष्य भेदनबाट प्राप्त खुसी जरोसम्म पुगेको हुन्छ, गन्तव्यमा पुग्नको लागि वैज्ञानिक आधारमा निर्मित पद्धति र प्रक्रियाको आवश्यकता पर्दछ । जनसरोकार र पद्धतिको विषयलाई साधनले जोड्दछ । यिनै कुराको जगमा उभिएर निश्चित पद्धति तथा प्रक्रिया अनुरूप गरिएको कार्यले विशिष्ट चरित्रको नतिजा दिन्छ ।

स्रोतको समुचित वितरण, उपयुक्त क्षेत्रमा लगानी, लगानी तथा उत्पादनको प्रकृति अनुरूपको प्रविधि तथा संस्थागत संरचनाले काम गर्ने प्रक्रिया अगाडि बढाउन सकियो भने व्यवसाय फस्टाउँछ, जनताको हातमा काम आउँछ, कामले गोजीमा दाम हालिदिन्छ । यसरी काम, दाम र नाम भयो भने समाज उन्नयनतर्फ अघि बढ्दछ ।

विकास त्यसै हुने विषय होइन । यसका लागि विभिन्न तत्वहरू जिम्मेवार रहन्छन् । परिवार तथा व्यक्तिको विकासका लागि उनीहरूलाई आवश्यक सेवा-सुविधा पर्याप्त, उपयुक्त र गुणस्तरयुक्त ढंगले यथोचित समयमा उपलब्ध हुनुपर्दछ । जीवनलाई सफल बनाउन आवश्यक पर्ने अवसरमा पनि न्यायसंगत पहुँच हुनुपर्दछ । यस्ता सुविधा र अवसर प्राप्त हुने अवस्था सिर्जना गर्नु राज्यको प्रमुख दायित्व हो ।

यसको लागि परिवार तथा व्यक्तिको बहुआयामिक विकासको लागि खाद्य सुरक्षा, सुरक्षित आवास, यथोचित रोजगारी तथा आय आर्जनका अवसरहरू, गुणस्तरीय स्वास्थ्य सेवा, सुरक्षित खानेपानी, जीवनोपयोगी एवं गुणस्तरीय शिक्षा र सीप, प्राकृतिक विपद्रुबाट सुरक्षा दिने खालका बस्ती तथा बजारहरू, औद्योगिक क्षेत्रहरू, पैदल यात्री, साइकल यात्री र अशक्तहरूलाई समेत अनुकूल हुने फराकिला सडक तथा पुल-पुलेसाद्वारा सहज र सुरक्षित बनाइएका यातायात सेवा, स्थानीय उत्पादनमा आधारित उद्योगधन्दा, वैज्ञानिक र व्यावसायिक कृषि प्रणाली र सुशासन एवं सुरक्षा समेत नभई नहुने विषय हुन् । यो कुराको सुनिश्चितता पछि मात्र समाजवादउन्मुख समतामूलक समाज निर्माण गर्ने कार्यलाई गति दिन सकिन्छ ।

माथि भनिएका कार्य सम्पन्न गर्नको लागि राज्यको साझेदारका रूपमा चिनिएका सरकार, निजी क्षेत्र र सहकारीमा आधारित समुदायको संयुक्त प्रयासको आवश्यकता पर्दछ । तीनवटै पक्षको पूँजी, प्रविधि, सीप र श्रमलाई एक ठाउँमा ल्याएर उच्चतम प्रयोग गर्न सक्नुपर्दछ ।

यसमा प्रमुख भूमिका भने तीन तहका सरकारहरूले खेल्नुपर्दछ । राज्यको संरचना र शक्तिको बाँडफाँटको दृष्टिले संघको भूमिका साधनको जोहो गर्न, नीतिगत वातावरण निर्माण गर्न तथा तल्ला दुई तहले गर्न नसक्ने पूर्वाधार निर्माण, रक्षा र सुरक्षा तथा अन्तर्राष्ट्रिय सम्बन्धलाई सुदृढ गर्नमा केन्द्रीकृत हुनुपर्दछ । प्रदेशले प्रादेशिक तहको नीति निर्माण एवं संघ तथा स्थानीय तहहरूको कार्यलाई समन्वय, संयोजन र सहजीकरण गर्ने कार्यमा अहं भूमिका निर्वाह गर्न सक्दछन् । जनतालाई दैनिक जीवनमा अत्यावश्यक सेवाको प्रवाहमा कार्यान्वयनगत भूमिका भने स्थानीय तहको बढी हुन्छ । सातवटै प्रदेश तथा ७५३ वटै स्थानीय तहहरूको समृद्धि र विकासका सन्दर्भमा समेत यी सबै कुराहरू समान रूपमा लागू हुन्छन् ।

यद्यपि सातैवटा प्रदेश र ७५३ वटै स्थानीय तहको आ-आफ्नै भूबनोट, जनसंख्या, प्राकृतिक स्रोत-साधनको उपलब्धता, भौतिक तथा सामाजिक पूर्वाधारको उपलब्धता र सम्भाव्यता, सामाजिक र आर्थिक चेतना तथा अन्तर्राष्ट्रिय सिमानासँगको पहुँच, सम्भाव्य बजार, सांस्कृतिक तथा भाषिक विविधता फरक हुन सक्दछ । सबै प्रदेश तथा स्थानीय तहहरूले फरक र विशेष चरित्रहरू पनि बोकेका हुन सक्दछन् । सबैका आफ्ना सम्भाव्यता र अवसर पनि होलान्, सबल र दुर्वल पक्ष पनि होलान्, यी कुरालाई पनि हेक्कामा राख्नु आवश्यक छ । यस पृष्ठभूमिमा संघीयता कार्यान्वयनको आठ वर्ष पूरा भैसक्दा पनि किन केन्द्रीय सचिवालयमा रहेको साबिकको भीड घट्नुभन्दा बढिरहेको छ ? एकातिर गाउँपाखा खाली भइरहेका छन् भने अर्कातिर काठमाडौंको जनसंख्या वृद्धिमा किन कमी आइरहेको छैन भन्ने कुराको लेखाजोखा गर्नु पनि त्यतिकै आवश्यक छ ।

विकास जनताले अनुभूत गर्ने विषय भएकाले यसको लेखाजोखा गर्दा सरकारी तथ्यांक एकातिर र जनताको अनुभूति अर्कातिर हुनुहुँदैन । त्यसैले सरकारका विभिन्न संयन्त्रले गर्ने कामको समीक्षा, अनुगमन तथा मूल्याङ्कन पद्धतिमा आमूल परिवर्तनको आवश्यकता छ । वित्तीय र भौतिक प्रगति मात्र देखाउने, कार्यसम्पन्नताका सम्बन्धमा ताकेता भइरहेको, प्रयास भएको, पत्र लेखिएको, पहल गरिएको, अनुगमन गरेर निर्देशन दिइएको भन्ने जस्ता नतिजा प्रतिबम्बित नहुने बेअर्थका फुँदा गाँसिने प्रगति समीक्षाबाट जनता आश्वस्त हुनसक्ने अवस्था अब छैन ।

नागरिकले हिजोभन्दा आज थप सेवा पाएको, सेवाको गुणस्तर हिजोभन्दा राम्रो, गुणस्तरीय तथा नियमित भएको, परियोजना तथा सेवाको लागत हिजोभन्दा यति अनुपातमा कम भएको भन्ने कुरा देखिनुपर्दछ, सूचकहरू त्यही अनुरूप हुनुपर्दछ ।

अहिले प्राथमिकता निर्धारण, कार्यक्रम निर्माण, परियोजनाको पहिचान, प्रारम्भिक मूल्याङ्कन, परियोजना छनोट, डिजाइन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनसम्मका चरणमै कहीं न कहीं खोट रहेको देखिन्छ ।

तसर्थ यी सबै चरणमा अवलम्बन गरिएका अवैज्ञानिक पद्धतिको ठाउँमा वैज्ञानिक तथा वस्तुगत प्रणाली लागू गरी तिनका मापदण्ड एवं सूचकहरू पनि त्यही अनुसार निर्धारण गरिनु आवश्यक हुन्छ, अनि मात्र आम नागरिकले विकासको अनुभूति गर्न पाउँछन् ।

त्यसो नगर्ने हो भने अहिले देशमा देखिएका आर्थिक, सामाजिक, वित्तीय र राजनीतिक मुद्दाहरूको सम्बोधन हुन सक्दैन र चुनौतीका चाङहरू बढेर जान्छन् । तसर्थ जिम्मेवारीमा रहेका सबै तह, निकाय, साझेदार जिम्मेवार व्यक्तिहरूले अहिलेको परिवेशलाई स्वीकार गरी अगाडि बढ्ने इच्छाशक्ति र व्यवहार देखाउने बेला भएको छ ।

नागरिकहरूको अभिमतबाट निर्वाचनबाट आएका दलहरूले बनाएका सरकारहरूले यो गम्भीरतालाई बुझ्न सकेनन् भने जनताको सरकारप्रतिको आशा र भरोसा टुट्न सक्छ । अझै पनि आम जनता केही आशा लिएर बसेका छन्, धैर्यको यो बाँध टुट्न दिनुहुँदैन ।

यस पृष्ठभूमिमा घोत्लिएर हेर्दा नागरिकहरूले सबै दृष्टिले आफ्नो जीवनमा गुणस्तरीय र सकारात्मक परिवर्तन भएको अनुभूति गर्नु वा खुशी र सुखी महसुस गर्नु नै वास्तविक विकास हो, विकासको गन्तव्य पनि त्यही हो । यो विकास आउँदो पुस्ताले पनि निर्वाध रूपले उपभोग गर्न पाउने दिगो प्रकृतिको हुनुपर्दछ । त्यसैले देशको विकासको संरचना र मोडेल पनि त्यही अनुसार तयार गरिनुपर्दछ । सरकार र सरोकारवालाहरूले मनन् गरून् !

(साभार: अनलाइनखबर)

बलात्कार कानुनमा सुधारको खाँचो

✍ रितेश पन्थी

बलत्कारलाई एक गम्भीर र जघन्य अपराधको रुपमा लिइन्छ । महिलामाथि हुने हिंसाको चरम रुप बलात्कार हो । यो एकदमै निन्दनीय, निकृष्ट र नैतिक पतन देखिने राज्य विरुद्धको अपराध हो । यसबाट पीडितलाई राज्यले संरक्षण दिने गर्छ । यस आलेखमा नेपालमा बलात्कारको स्थिति, सरकारी अध्ययन प्रतिवेदनहरु, सर्वोच्च अदालतको नजिर र सुधारहरुमा विस्तृतरुपमा चर्चा गरिन्छ ।

नेपालमा बलात्कारको स्थिति :

नेपाल प्रहरीका अनुसार आव २०८०/८१ मा २ हजार ५ सय ७ माथि बलात्कार र ४ सय ६० माथि बलात्कार प्रयास भएको जाहेरी दर्ता छ । नेपाल प्रहरीकै तथ्यांक हेर्ने हो भने आव २०७३/७४ देखि आव २०८०/८१ को ८ वर्षको तथ्यांकअनुसार देशभर १६ हजार ९ सय ६० जनामाथि बलात्कार भएको देखिन्छ । सोही अवधिमा ५ हजार १ सय ५ जनामाथि बलात्कार प्रयास भएको देखिन्छ । नेपाल प्रहरीको सन् २०२१ को तथ्यांकले दैनिक ७ जनाको बलात्कार हुने भनेको थियो । छिमेकी मुलुक भारतको सन् २०२२ को तथ्यांकअनुसार दैनिक ८६ जनाको बलात्कार हुने गरेको पाइन्छ । विश्व स्वास्थ्य संगठनको अनुसार विश्वमा प्रत्येक ३ मध्ये १ महिला कुनै न कुनै रुपमा नजिकैको व्यक्तिबाटै हिंसाको सिकार हुन्छन् ।

सरकारी अध्ययन प्रतिवेदनको निष्कर्ष :

पूर्वमहान्यायाधिवक्ता डा. दिनमणि पोखरेल नेतृत्वको कार्यदलले फौजदारी न्याय प्रशासन सुधार अध्ययन तथा सुझाव प्रतिवेदन-२०८१ मा ३ वर्षभन्दा कम उमेर फरक रहेका र किशोरकिशोरीको प्रेम जोडिएको करणी सम्बन्धी विवादमा उसलाई अधिकतम ३ वर्ष कैद गर्न उचित हुने सुझाव दिएको छ । फौजदारी कार्यदलको प्रतिवेदनले हाडनातामा करणी हुँदा गरिने सजाय अमिल्दो भएको र घटाउनुपर्ने, बालविवाह गराउनेलाई सजायमा ल्याउने, लिभिङ टुगेदरमा बसेको अवस्थामा विवाह कायम गर्ने वा नगर्नेमा कानुनी व्यवस्था हुनुपर्ने भनिएको छ ।

फौजदारी अध्ययन प्रतिवेदनले हाल प्रचलनमा रहेको मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (२) ले महिला मात्र बलात्कृत हुन सक्ने भनिएकोमा यसमा संशोधन गरेर व्यक्ति र बालबालिका राख्नुपर्ने, दफा २१९ को विभिन्न ठाउँमा मञ्जुरीको सट्टा सहमति शब्द राख्नुपर्ने, दफा २१९ मा रहेको सजायहरुमा बढोत्तरी गर्नुपर्ने, लिंगबाहेक अन्य वस्तु वा शरीरको भाग योनि र गुदद्वारमा प्रवेश गराए पनि जबरजस्ती करणी हुने र जबरजस्ती करणीको कसुरलाई गम्भीरताको आधारमा श्रेणीमा विभाजन गर्नुपर्ने आवश्यकता औंल्याएको छ । त्यस्तै २२६ मा रहेको अप्राकृतिक मैथुनवाला दफा खारेज गर्न भनिएको छ ।

त्यसै गरी जबरजस्ती करणीमा रहेको 'स्वतन्त्र सहमति'को परिभाषा अझै स्पष्ट पार्नुपर्ने, अधिक अपराधीकरण गरिएको कानुनमा पुन: विचार गर्नुपर्ने, बालबालिकाहरु प्रेमसम्बन्धमा पर्ने र पछि जबरजस्ती करणीको मुद्दा पर्ने हुँदा यसमा कम सजाय दिनुपर्ने अनि नजिकको उमेरमा छुटसम्बन्धी कानुन (रोमियो जुलिट ल) तर्फ विचार गर्नुपर्ने भनेको छ । अर्को जबरजस्ती करणी र यौनजन्य हिंसाविरुद्धका कानुनमा रहेको हदम्यादसम्बन्धी अध्ययन प्रतिवेदन, २०८० ले समेत हदम्यादको सम्बन्धमा विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र सन्धिहरुको अध्ययन गरेको पाइन्छ । नेपालमा पनि हदम्याद हटाउँदा प्रमाण संकलनमा बाधा पुग्ने, अनावश्यक झमेला बेहोर्नुपर्ने, अदालतमा समेत मुद्दाको छाप बढ्ने र वास्तविक व्यक्तिले समेत सजाय पाउन नसक्ने र न्यायिक त्रुटि देखा पर्ने सम्भावना हुँदा अहिलेको हदम्यादको सीमालाई बढाउन सकिने र हदम्याद नै हटाउन नहुनेतर्फ जोड दिएको छ । त्यसै गरी यसले पनि मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (२) ले १८ वर्षभन्दा कम उमेरको कुनै बालिकालाई निजको सहमतिमै करणी गरेमा जबरजस्ती करणी भनेको तर यसमा विद्यमान सजाय वैज्ञानिक नदेखिएको हुँदा सुधारको खाँचो देखेको छ ।

सर्वोच्च अदालतको नजिर :

सर्वोच्च अदालतले हालै अभिमन्यु यादवविरुद्ध नेपाल सरकार रहेको एक मुद्दामा पूर्णपाठ सुनाउँदै शारीरिक सम्बन्ध राख्दैमा बलात्कार नहुने फैसला सुनाएको छ । केवल पीडितले अदालतमा आएर बकपत्र गर्दैमा उसको भनाइलाई मात्र निर्णायक प्रमाण मानी अन्य प्रमाण हेर्न नहुने भन्नु न्यायको रोहवरमा उचित नहुने भनिएको छ ।

अदालतले सहमतिमै भएको सम्बन्धमा समेत पछि बहकिएर गरिने झुट्टा आरोपले अभियुक्तको सम्मान र मर्यादामा पनि पीडितलाई जत्तिकै आँच आउँछ भनेको छ । त्यसै गरी सन्तोष कुमार यादवविरुद्ध नेपाल सरकार (मुद्दा नं. ०७५-सीआर-२६३८) मा २०७९-०७-२८ मा फैसला गर्दै सर्वोच्च अदालतले बालविवाहमा हुने यौनसम्बन्ध बलात्कार नहुने फैसला गरेको छ । यसमा उमेर नपुगी भएको विवाहलाई प्रहरी प्रतिवेदनका आधारमा दायर गरिने ज.क. तथा अपहरण र शारीरिक बन्धक मुद्दालाई सर्वोच्चले (स्टाचुटोरी रेप) को परिभाषामा पार्न नहुने भन्दै बालविवाहमा कसुर ठहर गरी ६ महिना कैद मात्र गरेको थियो ।

सर्वोच्चले चेतन लावातीविरुद्ध नेपाल सरकार (मुद्दा नं. ०७५-सीआर-१९१५) मा फैसला गर्दै वैवाहिक बलात्कार र जबरजस्ती करणी फरक भन्दै फरक रुपले हेर्नुपर्ने नजिर बनाएको छ । यसमा अदालतले विवाह गर्ने र सहमतिमा करणी गर्ने उमेरको हद कानुनले प्रस्ट गरेको भए तापनि यौन अवस्थामा प्रवेश गरेको बालबालिकाको शारीरिक तथा प्राकृतिक आवश्यकताले निम्त्याउने यौनचाहनाको मनोवैज्ञानिक पक्ष र त्यस्तो यौनचाहनामा परिवर्तन हुँदै आएको सन्दर्भ र परिवेशको संवेदनशीलतालाई समेत विचार गर्नुपर्ने भनेको छ ।

अबको सुधारको बाटो :

पछिल्लो समय बालबालिकामा चाँडो शारीरिक विकासक्रम हुनु र सूचना प्रविधिको विकासले यौनचाहना वृद्धि गरेको पाइन्छ । किशोर र किशोरी विद्यालयमा पढ्दै गर्दा वा उमेर नपुगी शारीरिक सम्बन्ध राख्ने र किशोरीको परिवारले थाहा पाएपछि किशोरहरु कारागार र सुधार गृह जानुपर्ने अवस्था बन्दै छ । नेपालको जेलमा २८ हजार कैदी बन्दी रहेकोमा २०८० चैत्रसम्मको तथ्यांकअनुसार ७,४३८ जना जबर्जस्ती करणीको पाइन्छ । त्यसै गरी नाबालक कायम हुने उमेरको संख्या १८ बाट १६ मा घटाउने, विवाह गर्ने उमेर २० बाट १८ र राख्नुपर्ने र बालविवाहको कसुरलाई उमेर नपुगी विवाह गर्न नहुने भनी नामाकरण गर्नु उपयुक्त हुने विचारतर्फ समेत सोच्नुपर्छ ।

(साभार: न्यूज अफ नेपाल)

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५६१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८१ कात्तिक १४ गते बुधबार ३० अक्टोबर २०२४ । त्रयोदशी, कात्तिक कृष्णपक्ष । कौलागा ११४४ ने.सं. । सूर्योदय ६:१४, सूर्यास्त ५:१९ । यमदीप-दान । धन्वन्तरि जयन्ती । काकवलि (काग तिहार) । स्वन्तिच:ह्वे पूजा ।

आजको राशिफल

मेष	: कामको उचित प्रतिफल पाइनेछ	**तुला**	: प्रेमप्रसंग सुमधुर आदर पाइनेछ
वृष	: धन आर्जन हुनेछ	**वृश्चिक**	: अधुरा योजना पूरा हुने देखिन्छ
मिथुन	: काम बन्नाले उत्साह जाग्नेछ	**धनु**	: भाग्योदयको समय रहनेछ
कर्कट	: दोहोरो लाभ मिल्नेछ	**मकर**	: अध्ययन अध्यापनमा गडबडी हुनेछ
सिंह	: श्रमबाट प्रशस्त लाभ हुनेछ	**कुम्भ**	: काममा उत्साह बढ्नेछ
कन्या	: पारिवारिक समस्या आउनसक्छ	**मीन**	: प्रेमको बन्धन कसिनेछ

नमुना आयोजनाका रुपमा यूएईमा घरेलु महिला श्रमिक पठाउने तयारी

काठमाडौं/सरकार घरेलु महिला श्रमिकलाई विदेश जान लगाइएको प्रतिबन्ध खोल्ने पक्षमा उभिएको लामो समय भइसक्यो । वर्तमान श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले पनि घरेलु काममा श्रमिक पठाउन रोकिरहन नहुने बताइरहेका छन् । यही बेला संयुक्त अरब इमिरेट्स (यूएई)सँग घरेलु महिला श्रमिकबारे छुट्टै समझदारी गरेर विदेश पठाउन बाटो खोल्ने तयारी पनि अघि बढेको छ । यूएईले नेपालसँगको श्रम वार्तामा घरेलु श्रमिक पठाउन खुला गर्ने विषयलाई पटक-पटक उठाइरहेको छ ।

संसदको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित संरक्षण समितिको निर्देशनका आधारमा नेपालले करिब ९ वर्षदेखि घरेलु श्रमिकका रुपमा विदेश जान श्रम स्वीकृति बन्द गरेको छ । त्यसैले घरेलु काम गर्न विदेश जानेहरु अवैध बाटो र फर्जी कागजपत्र प्रयोग गरेर जाने गरेका छन् । साउदी अरेबिया, कतार, कुवेतलगायतका देश पनि श्रम वार्तामा घरेलु श्रमिक लैजाने मुद्दालाई प्रधानता दिन्छन् । तर, यूएई नेपालले राखेका विभिन्न शर्तमा अरु देशभन्दा उदार देखिएको छ ।

सन् २०२० मा बसेको नेपाल-यूएई श्रम मन्त्रालयस्तरीय कार्यसमूहको बैठकमा नेपालले घरेलु श्रमिकलाई विदेश पठाउन लगाएको प्रतिबन्ध खुला गर्न वातावरण बनाउने प्रतिवद्धता जनाएको थियो । यसअनुसार नै अहिले यूएईमा घरेलु महिला श्रमिक पठाउने वातावरण बनाउन छलफल भइरहेको श्रम मन्त्रालयले जनाएको छ । श्रममन्त्री शरतसिंह भण्डारी सरकारले रोक्दैमा घरेलु महिला श्रमिक विदेश जान नरोकिएको बताउँछन् । बरु उनीहरुले जोखिम मोलेर अवैध बाटोबाट विदेश पुगिरहेकाले महिला श्रमिकलाई कानुनी रुपमा नै विदेश जान दिनुपर्ने उनको मत छ ।

'अहिलेको जमानामा कसैलाई रोकेर रोक्न सकिन्नँ', उनी प्रश्न गर्छन्, 'हामीले बन्द गरेपनि कसरी विदेशमा त्यतिबेरै घरेलु महिला श्रमिक पुगिरहेका छन् त ?'

अहिले नेपालबाट खाडीका विभिन्न देशमा घरेलु श्रमिकका रुपमा धेरै महिलाहरु पुगिरहेका छन् । घरमा काम गर्ने यस्ता श्रमिक रोजगारदाताबाट मानसिक, शारीरिक र आर्थिक शोषणमा परेको भन्दै नेपालले महिला श्रमिकको हकमा लागु हुने गरी श्रम समझदारी नभएका देशमा नपठाउने नीति लिएको छ ।

श्रम वार्ताहरुमा नेपालले सरकारको वैदेशिक रोजगारसम्बन्धी नीति, नेपालको श्रम कानुन, घरेलु श्रमिक विदेश पठाउनुअघि नेपालले खोजेको सुनिश्चितता र संसदको श्रम मामिला हेर्ने समितिले राखेको चासो र निर्देशनबारे ब्रिफिङ गर्दै आएको छ । यूएई सरकारका प्रतिनिधिहरुले नेपालबाट जाने घरेलु श्रमिकको हित रक्षाका लागि आफूहरु प्रतिवद्ध रहेको बताउँदै छिटो घरेलु श्रमिकलाई यूएई जान दिन अनुरोध गर्दै आएका छन् । नेपाल सरकारले भने घरेलु श्रमिकको सुरक्षाका लागि आधारभूत रुपमा राखेका शर्तको पालना गर्ने सुनिश्चितता खोजिरहेको छ ।

२०७७ माघमा यूएईले तत्कालीन श्रममन्त्री गौरीशंकर चौधरीलाई घरेलु श्रमिक आपूर्तिको बाटो खोलिदिन आग्रह गरेको थियो । यूएईका राजदूत सइद हमदान अल नाक्वीले अन्य देशले यस्तो प्रतिबन्ध नलगाएकाले हटाउन माग गरेको मन्त्री चौधरीले एक सार्वजनिक कार्यक्रममै बताएका थिए ।

यूएईकै शैलीमा कतार पनि नेपालबाट घरेलु श्रमिक लैजान इच्छुक छ । २० मंसिर २०७८ मा बसेको नेपाल र कतारबीचको श्रम सहसचिवस्तरीय वार्तामा पनि कतारले यूएईको जस्तै सवालहरु उठाएको थियो ।

कतारले घरेलु श्रमिक पठाए अन्य क्षेत्रमा पनि नेपालीका लागि अवसर खुला गर्दै जाने आश्वासन दिएको थियो । कतारले घरेलु श्रमिक लैजाने वातावरण बनाउन जोड गरेपछि नेपाल सरकारले अध्ययन गर्न एउटा कार्यदल बनाउन सहमति जनाएर बैठक टुंग्याएको थियो । कतारी टोलीले उच्चस्तरीय बैठकमा मात्रै हैन तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ र संसदीय समितिसँग गरेको छलफलमा पनि यही एजेन्डा जोडका साथ उठाएको थियो । उनीहरुले घरेलु श्रमिकबारे दिएका ७ बुँदे निर्देशन सम्बोधन हुने गरी श्रम कानुन बनाएको दाबी गरेको थियो । कतारी टोलीले शंकाका भरमा श्रमिक आपूर्ति बन्द नगर्न अनुरोध गरेको थियो ।

घरेलु श्रमिक लैजान उत्तिकै इच्छुक रहेको साउदी अरेबिया घरेलु श्रमिकबारे छुट्टै श्रम समझदारी गर्नुपर्ने नेपालको शर्तका कारण जनरल वर्कर आपूर्तिका लागि श्रम समझदारी गर्न समेत तयार भएको छैन । कुवेतको पनि उस्तै चासो छ । खाडी मुलुक मात्रै हैन, मलेसिया पनि नेपालबाट घरमा काम गर्ने श्रमिकहरु लैजान आतुर छन् ।

संसदको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले सरकारलाई दिएको निर्देशनका कारण घरेलु श्रमिक सहजै विदेश जान नसक्ने अवस्था भने छैन । संसदीय समितिका शर्तहरुलाई खुकुलो बनाउन पछिल्ला वर्षमा श्रम गन्तव्य मुलुकहरुले अनेक तवरबाट नेपालमाथि दबाब सिर्जना गरेका छन् ।

तर, संसदीय समिति भने ७ बुँदे निर्देशनमा उल्लिखित शर्त पालना भएको अवस्थामा मात्रै घरेलु श्रमिक पठाउन सकिने जवाफ दिँदै आएको छ । संसदीय समितिले आफ्नो अडानबाट पछि नहट्ने र घरेलु श्रमिकको सुरक्षाको प्रत्याभूति हुने वातावरणको सुनिश्चितता हुने गरी सम्बन्धित मुलुकबाट औपचारिक कानुनी दस्तावेज वा दुई देशबीच समझदारी भए मात्रै घरेलु श्रमिक पठाउन खुला गर्ने पक्षमा छ ।

प्रतिबन्धले समाधान दिएन

घरेलु श्रमिकमाथिको प्रतिबन्ध खोल्नुपर्ने माग श्रम गन्तव्य मुलुकहरुले मात्रै होइन, घरेलु श्रमिकको हितमा बोल्दै आएका संघ संगठन, मानवअधिकारवादी र श्रमिक नेताहरुले पनि गर्दै आएका छन् । असुरक्षा हुने नाममा वैध बाटोबाट जान रोक्दा भारतको बाटोबाट धेरै नेपाली महिला विदेश गइरहेका छन् । त्यसैले विज्ञहरु पनि हालको नीति नियममाथि पुनर्विचार गर्नुपर्ने पक्षमा छन् । श्रमिकलाई श्रम गर्न पाउने अधिकारबाट वञ्चित गर्नुभन्दा आवश्यक व्यवस्था गरेर सहज रुपमा श्रम इजाजत लिएर पठाउने व्यवस्था गर्न उनीहरुको माग छ ।

वैदेशिक रोजगार विज्ञ डा. गणेश गुरुङ सरकारले लगाएको बन्देजको औचित्य सकिएको बताउँछन् । प्रतिबन्धले समस्या समाधान नगरेकाले अब विकल्प खोज्नैपर्ने उनको राय छ । बन्देज लगाएपछि नेपाली महिलालाई भारत, श्रीलंका, म्यानमार, बंगलादेशको बाटो लैजाने गरिएको र यसले विदेश जाँदा लाग्ने लागत झनै बढेको उनी बताउँछन् । अहिले पनि अवैध रुपमा पुगेर कतार, यूएई, साउदी अरेबिया, लेबनान, लगायत अधिकांश खाडी मुलुक र मलेसियामा कार्यरत छन् । 'कानुनी प्रक्रियाको डर देखाएर दलालले बाटोमा हाम्रा चेलीलाई दुरुपयोग गर्दा पनि सहनपर्ने अवस्था आयो', डा. गुरुङ भन्छन्, 'त्यसकारण, वैधानिक बाटोबाट जान दिने वातावरण बनाउनुपर्ने हुन्छ, वैध बाटोबाट जान दिने नीति लिनुपर्छ ।'

भाषा, सीपलगायत अभिमुखीकरण तालिम दिएर विदेश पठाउन उनको सुझाव छ । सम्भव भए मार्सल आर्ट जस्ता आत्मसुरक्षाका कोर्स पनि अभिमुखीकरण तालिममा समेट्नुपर्ने गुरुङको सुझाव छ । 'महिलाहरुलाई विदेशमा भोग्नुपर्ने दुष्परिणामबारे सचेत गराएर, त्यसका लागि लड्न तयार बनाएर मात्र पठाउनुपर्छ', वैदेशिक रोजगार विज्ञ डा. गणेश गुरुङ भन्छन्, 'बन्देज लगाइराख्ने, अवैध बाटोबाट श्रमिक गई पनि राख्ने हो भने दुष्परिणाम बढेको बढ्यै हुन्छ ।'

नेपाली महिलालाई घरेलु श्रमिक बनाउन अवैध बाटोबाट विदेश पुऱ्याउने गिरोह सक्रिय छन् । घरेलु काम गर्न भिजिट भिसामा यूएई लगायत देशमा जान लागेका धेरै महिलालाई अध्यागमन विभागले पटक-पटक विमानस्थलबाट फर्काउने गरेको छ । सुरक्षा प्रत्याभूति गराउन पहल गर्नुको साटो महिला भएको कारणले नै रोजगारीमा जान नदिने सरकारी नीति मानवअधिकारको दृष्टिकोणले समेत आलोचित छ ।

प्रतिबन्धात्मक व्यवस्थाले उल्टै विकृति ल्याएको, विदेशमा महिला श्रमिकको बेचबिखनसमेत भएको आरोप मानवअधिकारवादी संघसंस्थाले लगाउँदै आएका छन् बढीजसो कुवेत, बहराइन, युएई, कतार, ओमान, लेबनान लगायत देशमा नेपाली महिला घरेलु श्रमिकका रुपमा काम गर्न आकर्षित छन् । भारतको अवैध बाटोबाट मात्र नभई त्रिभुवन विमानस्थलमै सेटिङ गरेर पनि महिला श्रमिकलाई ती देशमा पुऱ्याउने काम भइरहेको छ । इराक, सिरियाजस्ता देश जानेको संख्या पनि ठूलै छ ।

घरेलु कामदार पठाउने दलालहरूले दुईदेखि चारलाख रूपैयाँसम्म असुल्ने गरेको वैदेशिक रोजगार विभागमा परेका ठगीका उजुरीहरुबाट देखिन्छ । दलालको सहयोगमा नक्कली कागजात बनाएर विदेश पुगिरहेका नेपाली महिला श्रमिकलाई रोक्न सरकारले खासै पहल गरेको छैन ।

त्यसरी गएर विदेशमा दु:ख पाएपछि घरबाट पैसा मागेर फर्किने पनि थुप्रै छन् । धेरैजसो घरेलु श्रमिक घर मालिक, उनका आफन्त र दलालहरूबाट समेत शोषणमा पर्ने गरेका छन् । अवैध तरिकाले जानेको अभिलेख नहुने भएकाले उजुरी गर्न पनि अप्ठ्यारो छ । आपतमा परेर नेपाली दूतावासमा पुग्दा पनि सहयोग पाउन सजिलो छैन । काम दिने व्यक्ति (स्पोन्सर)बारे थाहा नहुने भएकाले कानुनी लडाइँ लड्न मुश्किल हुन्छ ।

तलब नपाउँदा बन्धक बन्नुपर्ने बाध्यता पर्छ । अवैध भएकाले बीमा सुविधा र बिरामी पर्दा उपचार नपाउने लगायत अनेक सास्ती बेहोर्नुपर्छ । त्यसैले, प्रतिबन्धले मानव तस्करी गर्न थप उक्साएको श्रमविज्ञहरूको भनाइ छ ।

संसदीय समिति आफ्नै अडानमा

एक दशकदेखि सरकारले विदेशमा घरेलु श्रमिक पठाउन विभिन्न खालका शर्त राख्दै आएको छ । ०६९ सालमा ३० वर्षभन्दा कम उमेरका महिलालाई खाडीमा जान रोक लगाउने निर्णय भएको थियो । २०७२ मा जारी निर्देशिकाले उमेर हदलाई २४ वर्षमा झारेर अरु शर्त राखेको थियो । २० चैत २०७३ मा संसदको अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले घरेलु श्रमिक बनेर जाने नेपाली महिला शोषित भएको भन्दै अर्को सम्झौता नभएसम्म ती देशमा पठाउन थप रोक लगाउन निर्देशन दिएको थियो ।

संसदीय समितिले १३ असोज २०७७ मा सरकारलाई नेपालबाट घरेलु कामदार लैजान चाहने देशमा घरेलु कामदारको सेवा, शर्त र सुविधा सम्बन्धमा छुट्टै र ठोस कानुनी व्यवस्था हुनुपर्ने सहितका ७ बुँदे निर्देशन दिएको थियो । श्रम सम्झौतामा कामदारको आधारभूत श्रम अधिकार (पारिश्रमिक, बिदा, सामाजिक सुरक्षा, व्यवसायजन्य सुरक्षा र स्वास्थ्य, कार्यघण्टा, बिमा, अतिरिक्त कामको सुविधा) सुनिश्चितता भएको हुनुपर्ने समितिको शर्त छ ।

कामदारले भोग्नसक्ने समस्या र समाधानको बलियो र प्रभावकारी द्विपक्षीय संयन्त्रको व्यवस्था गरिनुपर्ने र घरेलु कामदारका रुपमा जानेले तालिम लिएको हुनुपर्ने, सम्बन्धित मुलुकको भाषामा संवाद गर्न सक्ने, परम्परा, संस्कृति र संस्कारको आधारभूत जानकारी हासिल गरेको हुनुपर्ने समितिको निर्णय छ । समितिले सम्बन्धित देशका र नेपाली कामदारका बीचमा समान काममा समान व्यवहार हुने सुनिश्चितता र सम्बन्धित देशमा पुगेपछि काम सुरु गर्नुअघि अनिवार्य तालिम हुनुपर्ने विषयलाई निर्देशनमा समेटेको छ ।

घरेलु श्रमिकमाथि शारीरिक, मानसिक तथा यौनजन्य हिंसा गर्ने स्पोन्सर, मालिक वा परिवारको सदस्यलाई कारबाहीको सुनिश्चितता हुनुपर्ने र घरेलु कामदारले सहज तरिकाले परिवार र दूतावाससमा सम्पर्क गर्न पाउनुपर्ने शर्त पनि छ । यसअनुसार अहिले घरेलु श्रमिक आपूर्तिबारे छुट्टै श्रम सम्झौता गरेका देशहरुमा घरेलु श्रमिक जान दिन सकिने व्यवस्था छ । घरेलु कामदार आपूर्तिबारे श्रम सम्झौता भने अहिलेसम्म जोर्डनसँग मात्र भएको छ ।

घरेलु श्रमिकका रूपमा काम गरिरहेकालाई नेपाली दूतावासको पत्रका आधारमा पुन: श्रम स्वीकृति दिने व्यवस्था गरेको सरकारले साइप्रस र इजरायल पनि जान दिने निर्णय गरेको छ । जोर्डन र साइप्रसमा नेपाली घरेलु कामदार पठाउन चाहने म्यानपावर कम्पनीले २५ लाख रूपैयाँ धरौटी राखेर वैदेशिक रोजगार विभागबाट छुट्टै अनुमति लिनुपर्छ । विदेशबाट श्रमिक माग गर्ने कम्पनी पनि सम्बन्धित देशको नेपाली नियोगमा सूचीकृत हुनुपर्छ ।

यस्ता शर्तसहितका प्रतिबन्धात्मक व्यवस्थाले उल्टै विकृति ल्याएको, विदेशका महिला श्रमिकको बेचबिखनसमेत भएको आरोप मानवअधिकारवादी संघसंस्थाले लगाउँदै आएका छन् । अहिलेको अवस्थामा संसदीय समितिले आफ्नो निर्णयमा पुनर्विचार गरे मात्र सहजै घरेलु श्रमिक विदेश पठाउने बाटो खुल्छ । नभए घरेलु महिलाबारे छुट्टै श्रम समझदारी गरेर मात्रै श्रमिक पठाउन मिल्ने देखिन्छ ।

श्रम मन्त्रालयका प्रवक्ता कविराज उप्रेतीका अनुसार यूएईसँग घरेलु कामदार व्यवस्थापनका लागि नमुना आयोजना सञ्चालन गर्नेसम्बन्धी द्विपक्षीय श्रम समझदारीको अन्तिम मस्यौदा तयार तयार भएको छ । 'अहिले संसदीय समितिको निर्देशनामा आधारमा घरेलु श्रमिक पठाउने प्रक्रिया रोकिए पनि महिला श्रमिकको सुरक्षा प्रत्याभूत गर्ने गरी नयाँ मोडलमा श्रम समझदारी हुन्छ', उनले भने, 'त्यसका लागि अन्तिम तयारी छ ।'

स्रोतका अनुसार घरेलु श्रमिकका लागि छुट्टै श्रमिक क्याम्प राखेर नियमित रुपममा उनीहरुको सुरक्षामा विशेष ख्याल राख्ने मोडलमा श्रम समझदारी हुन लागेको हो । अन्य मुलुकहरु पनि यस्तै मोडलका समझदारीका लागि तयार भएमा घरेलु श्रमिक पठाउने प्रक्रिया क्रमश: खुला हुँदै जाने अधिकारीहरुको दाबी छ ।

(स्रोत: अनलाइनखबर)

'मिर्जापुर' अब फिल्म, वेब सिरिजकै कलाकार दोहोरिने

काठमाडौं/ओटीटी प्लेटफर्ममा सर्वाधिक सफल वेब सिरिज 'मिर्जापुर'को तीनवटा सिजन आइसकेको छ । अब यसको नाम, कथा र पात्रमा फिल्म बन्ने भएको छ । सोमबार निर्माण कम्पनी एक्सेल मुभिजले टिजरमार्फत् फिल्म निर्माणको घोषणा गऱ्यो । फिल्ममा सिरिजकै प्रमुख कलाकारहरु पंकज त्रिपाठी (कालीन भैया), दिव्येन्दु शर्मा (मुन्ना भैया) र अली फजल (गुड्डू पण्डित)को अभिनय रहनेछ ।

घोषणा टिजरमा पंकज त्रिपाठी कुर्सीमा बसेर भनिरहेका छन्, 'तपाईंहरुले पनि मिर्जापुर आ-आफ्नो गद्दीमा बसेर हेर्नुभएकै होला । तर, अब यसपटक गद्दीबाट नउठे रिक्स छ ।' र, अन्तिममा उनले भनेका छन्, 'अब भौकाल पनि ठूलो हुनेछ र पर्दा पनि ।' त्यसपछि उनीसहित दिव्येन्दु र अली एकसाथ देखिएका छन् । फिल्मलाई वेब सिरिजकै निर्देशक गुर्मीत सिंहले निर्देशन गर्नेछन् । उनले यसअघि 'फोन भूत', 'वारनिङ' जस्ता फिल्म निर्देशन गरिसकेका छन् ।

वेब सिरिजको दोस्रो सिजनमा दिव्येन्दु (मुन्ना भैया)को चरित्रलाई अन्त्य गरिएको थियो । तर, फिल्ममा भने उनी फर्किएका छन् । उनका कारण पनि फिल्मलाई लिएर दर्शक अधैर्य बनेका छन् । अभिषेक बनर्जीको पनि अभिनय रहने फिल्मलाई सन् २०२६ मा रिलिज गरिने सार्वजनिक टिजरमा उल्लेख छ । रितेश सिधवानी र फरहान अख्तरले फिल्मको निर्माण गर्नेछन् ।

तेस्रो सिजनसम्म आइपुग्दा 'मिर्जापुर'को कथा धेरै अगाडि बढिसकेको छ । मिर्जापुरमा राज गर्न चाहने पात्रहरुबीचको संघर्ष सिरिजको मूल कथा हो । अब फिल्ममा यसैलाई देखाइन्छ वा केही फरक कथा बुनिन्छ, त्यो पखाईको विषय हो । घोषण टिजर हेर्दा 'मिर्जापुर' वेब सिरिजको 'स्पिनअफ' अर्थात् चरित्रमाथि केन्द्रित फिल्म हुनसक्ने देखिन्छ । किनकि, मुन्ना भैया फर्किएका छन् ।

'जेरी अन टप'को छायांकन सुरु, अनमोलको बुबाआमा बन्दै भुवन र विपना

काठमाडौं/बलियो 'स्टारकास्ट' लिएर फिल्म 'जेरी अन टप'को छायांकन सुरु गरिएको छ । सोमबार बिहान पाटनस्थित बगलामुखी मन्दिरमा फिल्मको शुभमुहूर्त गरेपछि निर्माण टिम छायांकनमा निस्किएको हो । मुहूर्तमा फिल्मका मुख्य कलाकारहरु केदार घिमिरे (मागने बुढा), विपना थापा, अनमोल केसी, आँचल शर्मा, जसिता गरुङ लगायतको उपस्थिति थियो । मुहूर्तअघि बगलामुखी मन्दिरमा फिल्मका कलाकारहरु विशेष पूजाआजामा सहभागी भएका थिए ।

धुलिखेलबाट सुरु भएको छायांकन त्यहाँ तीन दिन चल्ने निर्माता सरोज न्यौपानेले जानकारी दिए । त्यसपछि काठमाडौंमा छायांकन गरेर लुक्ला प्रस्थान गरिने उनले बताए । भारतको लद्दाख (बलिउड फिल्म 'थ्री इडियट्स' खिचिएको ठाउँ)मा पनि फिल्मको छायांकन हुनेछ । ६० दिनको छायांकन सेड्युल राखिएको फिल्मको बजेट ३ करोड अनुमान गरिएको छ ।

मुहूर्तमा अनमोलले फिल्म त्रिकोणात्मक प्रेमकथामा बन्न लागेको जानकारी दिए । पहिलो पटक केदार घिमिरेसँग सहकार्य गर्न पाएकोमा पनि उनले खुसी व्यक्त गरे । 'छक्का पञ्जाको हरेक श्रृंखलामा केदार दाईको इन्ट्री हुँदा ताली बजाउनेमा म पनि पर्छु । म उहाँको फ्यान हुँ । उहाँको ऊर्जाबाट पनि म प्रभावित छु ।' त्यस्तै, केदारले 'जेरी अन टप'मा जोडिन पाउँदा खुसी लागेको बताए ।

सुयोग गुरुङको निर्देशनमा बन्न लागेको फिल्ममा भुवन केसी, सुरक्षा पन्त, निर्मल शर्मा, संगीता मगर, सुष्मा निरौला लगायतको पनि अभिनय रहनेछ । यसमा भुवन र विपनाले अनमोलको बुबा-आमाको भूमिका निर्वाह गर्नेछन् । १८ वर्षपछि उनीहरुले एकसाथ काम गर्न लागेका हुन् । अनन्या फिल्म्स र भण्डारी मल्टिट्रेडको ब्यानरमा निर्माण हुने फिल्मलाई आगामी फागुन २ गतेदेखि प्रदर्शनमा ल्याउने तयारी गरिएको छ ।

फिल्मको कथा हेमराज बिसीको हो भने विश्व तिमिल्सेनाको पटकथा छ । उज्जवल जोशीको छायांकन रहने फिल्ममा सुरेन्द्र पौडेलको सम्पादन रहनेछ । फिल्मको निर्माणमा सरोज न्यौपानेलाई दीपक भण्डारी, रोबिन सेरचन, रामकृष्ण श्रेष्ठले सघाएका छन् । कार्यकारी निर्मातामा इश्वर श्रेष्ठ र अनिरुद्ध गिरी छन् भने ओमप्रकाश अग्रवाल र विवेक थापा एसोसिएट निर्माता छन् ।

'पूर्ण बहादुरको सारङ्गी' जुम्लाको स्याउ हो : निर्देशक पौडेल

काठमाडौं/यही कात्तिक १५ गते अर्थात् तिहारको लक्ष्मीपूजाबाट फिल्म 'पूर्ण बहादुरको सारङ्गी' प्रदर्शनको तयारीमा छ । सारङ्गी बजाएर परिवारको जीविकोपार्जन गर्ने एक बाबुले छोराका लागि गरेको त्याग र देखेको सपनामा फिल्मको कथावस्तु केन्द्रित छ । टिजर र ट्रेलर हेर्दा फिल्मको कथा मौलिक लाग्छ । यसैले निर्देशक सरोज पौडेल फिल्मलाई जुम्लाको स्याउको रुपमा अर्थ्याउँछन् ।

आइतबार पत्रकारसँगको कुराकानीमा उनले भने, 'यो विशुद्ध पारिवारिक फिल्म हो । एउटा बाबुले सन्तानका लागि देखेको सपना र गरेको संघर्षमा फिल्म आधारित छ । फिल्मले दर्शकको चित्त बुझाउँछ भन्नेमा पूर्ण विश्वास छ । स्याउको ठूलो बजारमा यसपालिको दशैंमा जुम्लाको स्याउको विशेष महत्व रह्यो । हामीले पनि फिल्मको मार्केटमा जुम्लाको स्याउको रुपमा 'पूर्ण बहादुरको सारङ्गी'लाई सोचेका छौं ।'

निर्देशक पौडेल फिल्ममा सारङ्गीलाई पात्रको रुपमा खडा गरिएको बताउँछन् । गन्धर्व समुदायको कथामा फिल्म बनेकाले नाममा पनि सारङ्गी राखेको उनको भनाई छ । भन्छन्, 'फिल्मको कथा सारङ्गीसँग जोडिएको छ । र, सारङ्गी पनि एउटा पात्रको रुपमा उभिएको छ । सारङ्गी हामी नेपालीका लागि प्रिय बाजा हो । त्यसैको साहरामा गुजरा चलाउने गन्धर्व परिवारको कथा यसमा छ । गन्धर्व भन्ने वितिक्कै सारङ्गी जोडिन्छ । यसैले नाममा पनि सारङ्गी राखेका हौं ।'

निर्देशक पौडेललाई फिल्मको कथा बुबाको निधनपछि फुरेको रहेछ । लकडाउन सकिएको एक महिनापछि उनको बुबाको निधन भएको थियो । काजकिरिया सकेर घर फर्किएपछि उनले बुबाबिनाको जुन अनुभव गरे, त्यसपछि उनले सन्तानका लागि बुबाले कस्ता सपना देख्छन् भन्ने कथामा फिल्म बनाउने सोच बनाए । 'हाम्रो बुबा आर्थिक रुपमा ठीकै हुनुहुन्थ्यो होला । तर, 'ग्राउन्ड लेभल'का बुबाहरुले पनि त सन्तानका लागि विभिन्न सपना देखेका हुन्छन् । तिनै कुरा सोच्दै जाँदा एउटा चीज फुऱ्यो र त्यसलाई अझ 'ग्राउन्ड लेभल'मा भएका बुबाहरु सोच्दै जाँदा पूर्णबहादुरको कथा आयो, जसले सारङ्गी रेटेर जीविका चलाउँछ । र, सन्तानका लागि सपना देखेको छ,' उनी सुनिए ।

उनी 'पूर्ण बहादुरको सारङ्गी'लाई बुबाहरुको मात्र कथा भने मान्दैनन् । 'यो बुबाहरुको मात्र कथा होइन । आमा, दिदीहरुले पनि बुबाको भूमिका निभाइरहनुभएको हुन्छ । समग्रमा अभिभावकको कथा हो यो,' उनी भन्छन्, 'आमाको बारेमा धेरै चीजहरु आइरहेको हुन्छ । बुबाको बारेमा धेरै कथा भनिएको छैन । यसैले बुबाको बारेमा पनि कथा भन्नुपर्छ भन्ने सोचले फिल्म बनाएका हौं ।' निर्देशक पौडेलले फिल्मको सबैभन्दा सशक्त पक्ष 'इमोसन'लाई मानेका छन् ।

नेपाल र बंगलादेशबीच फाइनल खेलको टिकट बिक्री स्थगित

काठमाडौं/साफ वुमन्स च्याम्पियनसिप २०२४ अन्तर्गत घरेलु टोली नेपाल र बंगलादेशबीचको फाइनल खेलका लागि टिकट बिक्री स्थगित गरिएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा)ले सोमबार सूचना जारी गर्दै अर्को सूचना नभएसम्मका लागि फाइनल खेलको टिकट बिक्री स्थगित गरिएको जनाएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा आइतबार भएको नेपाल र भारतबीच भएको सेमिफाइनलमा दर्शक क्षमताभन्दा बढी टिकट बिक्री गरेको भन्दै त्यसको बारेमा सत्यतथ्य बुझ्न टिकट बिक्री स्थगित गरिएको एन्फाले जनाएको छ । एन्फाले साफ वुमन्स च्याम्पिनयसिपको लागि माउन्ट एभरेस्ट स्पोर्ट्स एन्ड इभेन्ट्स प्रालिलाई टिकेटिङको अधिकार बिक्री गरिएको थियो । माउन्ट एभरेस्ट इभेन्ट्सले टेन्डर प्रक्रियामार्फत ८० लाख रुपैयाँमा टिकेटिङ अधिकार लिएको थियो । नेपाल र भारत बीचको खेलमा संघसँगको सम्झौता विपरीत रंगशालाको क्षमताभन्दा बढी टिकट बिक्री गरेको एन्फाको भनाइ छ । धेरै टिकट बिक्री गरेको विषयमा माउन्ट एभरेस्ट स्पोर्ट्स एन्ड इभेन्ट्स प्रालिसँग सत्य तथ्य बुझ्ने कार्य भइरहेकाले कुनै पनि माध्यमबाट टिकट बिक्री नगर्न/नगराउन एन्फाले आग्रह गरेको हो ।

दशरथ रंगशालको दर्शक क्षमता १५ हजार भएपनि आइतबारको खेलमा क्षमता भन्दा बढी दर्शक उपस्थित थिए । खेलको म्याच रिपोर्ट अनुसार दशरथ रंगशालमा १८ हजार ९ जना दर्शक उपस्थित थिए । रंगशालमा नेपाल र भारतको खेल हेर्न भरिभराउ दर्शक उपस्थित थिए । सिट संख्या भन्दा धेरै दर्शक प्रवेश गरेपछि रंगशालमा दर्शकको हुल थियो र उठेर पनि खेल हेरेका थिए । त्यसपछि एन्फाले बुधबार हुने बंगलादेश र नेपालबीचको फाइनल खेलको लागि टिकट बिक्री स्थगित गर्ने निर्णय गरेको एन्फा प्रवक्ता सुरेश शाहद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad,
Hetauda-4
tonerhouse_htd@yahoo.com

७ वर्षमा द्रुतमार्गको भौतिक प्रगति साढे ३६ प्रतिशत

साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ बाराको निजगढबाट मकवानपुरको अधिकांश भू-भाग हुँदै काठमाडौं जोडिने काठमाडौं-तराई मधेश द्रुतमार्ग (फाष्ट ट्रयाक) निर्माणको ७ वर्षमा एकतिहाई मात्र काम भएको छ ।

आयोजनाको व्यवस्थापक नेपाली सेनाका अनुसार हालसम्म आयोजनाको ३६ दशमलव ४२ प्रतिशत काम पूरा भएको हो । आयोजनाको पछिल्लो पटक थपिएको म्याद २ वर्ष मात्रै बाँकी छ । तर, अझै ६३ दशमलव ५८ प्रतिशत काम बाँकी रहेको छ । आयोजना अन्तर्गत मकवानपुरसँग सीमाक्षेत्र जोडिएको ललितपुरको प्याकेज नम्बर ११ अन्तर्गत पर्ने खोकना-बुङ्मतीमा समस्या समाधान भए थप गरिएको समयसीमाभित्र नै द्रुतमार्गको काम सम्पन्न हुने नेपाली सेनाले दाबी गरेको छ ।

प्रवक्ता सहायकरथी एवम् सूचनाअधिकारी गौरवकुमार केसीले विविध कारणले समस्या भएर समयसीमासभित्र सम्पन्न हुन नसकेको आयोजना अब भने थप समयमै सक्नेगरी काम भइरहेको बताए । उनले हाल ११ नम्बर प्याकेज नै मुख्य चुनौती र समस्याका रुपमा रहेको बताए । 'हामीलाई काम अगाडि बढाउन खोकनाले समस्या भएको छ, समस्या समाधान नभएकाले ठेक्का र खरिद प्रक्रियामा जान सकिएको छैन,' प्रवक्ता केसीले भने ।

उनले रुख कटान र जग्गा अधिकरणसँग सम्बन्धित समस्या समाधान हुँदै गएको, प्रतिशतको आधारमा भौतिक र वित्तीय प्रगति थोरै देखिए पनि कामको स्थलगत प्रगति भने बढी रहेको उनको दाबी छ । प्रवक्ता केसीले हालसम्म ३६ दशमलव ४२ प्रतिशत काम पूरा भएको र भुक्तानी समस्या समाधान तथा अन्य व्यवस्थापकीय काम भएमा एक वर्षभित्र सबै कार्यसम्पन्न गर्न सकिने बताए ।

आयोजनाअन्तर्गत ६ वटा सुरुङको कुल लम्बाइ १० दशमलव ३०९ किलोमिटर छ । नेपाली सेनाले सार्वजनिक गरेको तथ्यांकअनुसार सुरुङमार्गको प्याकेज नम्बर १ अन्तर्गत महादेवटार सुरुङको दायाँ टनेलतर्फ ३ हजार ३५५ मिटर लम्बाइमध्ये २ हजार २९ मिटर अर्थात् ६१ प्रतिशत खन्ने काम भएको छ । बायाँ टनेलतर्फ ३ हजार ३८६ मिटरमध्ये २ हजार २८८ मिटर अर्थात् ६८ प्रतिशत खन्ने काम सकिएको नेपाली सेनाले जनाएको छ ।

यसैगरी, प्याकेज नम्बर २ अन्तर्गत धेद्रे सुरुङको बायाँ टनेलको १ हजार ६९१ मिटर लम्बाइमध्ये १ हजार ६४२ अर्थात् ९५ प्रतिशत र निजगढबाट काठमाडौंतर्फ जाने दायाँ टनेलको १ हजार ६५३ मिटर लामो सुरुङ ११ जेठमा छिचोलिएको थियो । प्याकेज नम्बर ३ अन्तर्गत मकवानपुरको बकैया र मकवानपुर गढी गाउँपालिकामा पर्ने लेनडाँडामा रहेका लामो जोडी सुरुङमध्ये निजगढबाट काठमाडौंतर्फ रहेको १ हजार ६१२ मिटर लामो सुरुङ असारमा र काठमाडौंबाट निजगढतर्फ जाने १ हजार ६३३ मिटर लामो सुरुङ जेठमा छिचोलिसकेको छ ।

प्याकेज नम्बर ४ अन्तर्गत एक हजार मिटर लामो देवीचौर सुरुङ र प्याकेज नं ५ अन्तर्गतको तीन सय ९० मिटर लामो सिसौटार सुरुङ निर्माणका लागि खरिद सम्झौता सम्पन्न भई डिजाइनका क्रममा रहेको नेपाली सेनाले जानकारी दिएको छ । यस्तै, प्याकेज नं ६ अन्तर्गतको २ हजार २५० मिटर लामो चन्द्रामभीर सुरुङको पोर्टल तयारी कार्य भइरहेको बताइएको छ ।

आयोजनाका ८९ स्थानमा रहेका पुलमध्ये ८५ स्थानका पुल निर्माणका लागि खरिद सम्झौता सम्पन्न भएको नेपाली सेनाका प्रवक्ता केसीले बताएका छन् । हालसम्म मकवानपुरको राजदमार इलाकामा पाँचवटा पुलको निर्माण सम्पन्न भएको उनले जानकारी दिएका छन् । अन्य स्थानमा ८१ मिटरसम्म उचाइ रहेका विभिन्न प्रकृतिका पुलको संरचना निर्माण भइरहेको प्रवक्ता केसीको भनाइ छ ।

लामिछाने पक्राउ विरोधमा हेटौंडामा र्‍याली

साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ राष्ट्रिय स्वतन्त्र पार्टी मकवानपुरले सभापति रबि लामिछाने पक्राउ लगायतको विरोधमा हेटौंडामा र्‍याली निकालेको छ । रास्वपा युवा संगठन द्रुतकार्य टोली मकवानपुरको आयोजनामा र्‍याली निकालिएको हो ।

राजनैतिक प्रतिशोध, अनिमियतता, बेतिथी र भ्रष्टाचारको विरु
खबरदारी तथा विरोध कार्यक्रम

सभापति लामिछाने पक्राउमा राजनीतिक प्रतिशोध रहेको उनीहरुको आरोप थियो । द्रुतकार्य टोली बागमती प्रदेश सभापति महेन्द्र श्रेष्ठको नेतृत्वमा रास्वपा मकवानपुर संगठन बिभागप्रमुख बिशालराज महत, रास्वपा हेटौंडा उपमहानगर समिति उपसभापति हरिबहादुर कुँवर, रास्वपा हेटौंडा उपमहानगर-४ नम्बर वडासमिति सभापति रामहरि प्रसाईंलगायत नेता, कार्यकर्ताको उपस्थितिमा ब्यानर, पम्प्लेट र राष्ट्रिय झण्डा बोकेर विरोध र्‍याली निकालिएको हो ।

र्‍याली भुटनदेवीरोड, टिसिएनरोड, बसपार्क, जिप्रकामोड, राप्तीरोड, बुद्धचोक, मेनरोड, उद्योग वाणिज्य संघ चोक, लोकप्रियचोक, मानसचोक, कांग्रेसचोक, संगमचोक, कान्तिराजपथ, स्कुलरोड हुँदै सीमाचोकमा पुगि कोणसभामा परिणत भएको थियो । श्रेष्ठको सभाध्यक्षता तथा रास्वपा केन्द्रीय सदस्य तथा प्रतिनिधिसभा सांसद विन्धवासिनी कंसाकारको प्रमुख आतिथ्यतामा कोणसभा भएको हो ।

सांसद कंसाकरले लामिछानेलाई जेलमा राखेर सहकारी पीडितको बचत कसरी फिर्ता गर्नेतर्फ नभई जेल अवधि कसरी लम्बाउनेतर्फ मात्र सरकारको ध्यान रहेको आरोप लगाइन् । संगठन विभागप्रमुख महतले कोणसभालाइ सम्बोधन गर्दै दुई वर्षमा आफूहरुलाई धेरै नागरिकको समर्थन रहेको बताए । सभापति लामिछानेलाई फसाउने मूल उद्देश्य राखेर समिति बनाइएको र समितिले कुनै निष्कर्ष निकाल्न नसक्दा पनि सरकारले प्रतिशोधपूर्ण तरिकाले पक्राउ गरेको महतको आरोप थियो ।

बागमती प्रदेशमा साढे ८ हजारलाई डेंगु संक्रमण, देशभर २७ हजार नाघे

साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ देशभरका २७ हजारभन्दा बढी डेंगु सङ्क्रमित भएका छन् । देशको संघीय राजधानीसमेत रहेको बागमती प्रदेशमा ८ हजार जना भन्दा बढीलाई डेंगु संक्रमण भएको छ ।



ईपिडिमियोलोजी तथा रोगनियन्त्रण महाशाखा (ईडीसीडी) को पछिल्लो तथ्यांक अनुसार देशभर डेंगु सङ्क्रमितको संख्या २७ हजार १५३ जनामध्ये गण्डकीमा प्रदेशका १३ हजार ६९८ जनामा डेंगु सङ्क्रमण देखा परेको हो । देशभर माघ यता डेंगु पुष्टि भएको संख्यामध्ये ५० प्रतिशत बिरामी यही प्रदेशमा छन् । यस्तै, बागमती प्रदेशका ८ हजार ४६१ जनालाई, कोशीका १ हजार ७०९ जनालाई, लुम्बिनीका १ हजार ४ सय, सुदूरपश्चिमका १ हजार ११८ जनालाई, मधेशमा ४६० जनालाई र कर्णालीका ३ सय ७ जनालाई डेंगु सङ्क्रमण भएको छ ।

जिल्लागत रुपमा सबैभन्दा बढी कास्कीमा ७ हजार ८० जनामा डेंगु सङ्क्रमण भएको छ । काठमाडौंमा ४ हजार ६० जनालाई, तनहुँका २ हजार १९९ जनालाई र ललितपुरमा १ हजार ६० जनालाई डेंगु सङ्क्रमण भएको छ । यस्तै, चितवनका १ हजार ५७ जनालाई बाग्लुङका ९५१ जनालाई, गोर्खामा ७९९ जनालाई, भक्तपुरमा ६२८ जनालाई र कैलालीमा ४२४ जनालाई डेंगु सङ्क्रमण भएको छ ।

देशका ७७ मध्ये ७६ जिल्लामा डेंगु सङ्क्रमण भएको ईडीसीडीले जनाएको छ । ईडिसिडीका अनुसार देशभरका डेंगु सङ्क्रमितमध्ये ११ जनाको मृत्यु भएको छ ।

नकआउट फुटबलको सेमिफाइनल खेल सकियो

साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ हेटौंडा उपमहानगरपालिका-१३ मा जारी नकआउट फुटबल प्रतियोगिताको सेमिफाइनल खेल सकिएको छ ।

बडादशैंर शुभदीपावलीको अवसरमा आधामार टोलविकास संस्थाले आयोजना गरेको प्रतियोगिताको समिफाइनल खेल आइतबार नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । आइतबार भएको सेमिफाइनल खेलमा शान्तिसमाज टोलविकास र रमन्थली टोलविकास बीच प्रतिस्पर्धा भएको थियो । प्रतिस्पर्धामा पेनाल्टी सुटआउट मार्फत् रमन्थलीलाई पराजित गर्दै शान्तिसमाजले फाइनलमा आफ्नो स्थान बनाएको हो ।

प्रतियोगिताको फाइनल खेल कार्तिक १४ गते दिउँसो १ बजेदेखि सुरु हुनेछ । उपाधिको लागि शान्तिसमाज टोलविकास र सक्रिय टोलविकासबीच प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ । प्रतियोगिताको प्रथम हुने समूहले ५० हजार रुपैयाँ र द्वितीय समूहले २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

भीमफेदीका प्रकाश २२१ किलो गाँजासहित जनकपुरबाट पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ मधेश प्रदेशको राजधानी जनकपुर धामबाट प्रहरीले २२१ किलो प्रतिबन्धित लागूऔषध गाँजासहित मकवानपुरका एकजना युवकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा मकवानपुरको भीमफेदी गाउँपालिका-२ बस्ने २४ वर्षीय प्रकाश लुङ्वा रहेका छन् । वडा प्रहरी कार्यालय मुजेलियाबाट खटिको प्रहरीटोलीले जनकपुरधाम उपमहानगरपालिका-१४ स्थित चेकजाँचको क्रममा बाबा आयल सेन्टर नजिकबाट ना ५ ख १७७ नम्बरको मिनी ट्रकमा लुकाएर लैजाँदै गरेको गाँजासहित उनलाई पक्राउ गरेको हो ।

ट्रकमा फल्स बटन बनाएर राखेको १६ वटा पोकामा रहेको गाँजा फेला पारेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । पक्राउ परेका चालक प्रकाशमाथि थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

गोर्खा मिडियाले सहकारीबाट ऋण लिँदा कम्पनी कानुनको समेत उल्लंघन

काठमाडौं,१२ कात्तिक/ पोखराको सूर्यदर्शन सहकारीको रकम अपचलन भएको विषयमा अनुसन्धान गरिरहेको प्रहरीले सहकारीको ऋण प्रयोग गरिरहेको गोरखा मिडिया प्रालिले कम्पनी कानुनका आधारभूत मूल्यमान्यता समेत पालना नगरेको प्रारम्भिक निष्कर्ष निकालेको छ ।

कास्की प्रहरी र प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) बाट सूर्यदर्शन सहकारीको बचत र कम सोझै र विभिन्न व्यक्तिका नाममा गएको थियो । सहकारीको रकम स्विकार्ने क्रममा गोर्खा मिडियाका सञ्चालकहरुले कुनै पनि प्रक्रिया पुरा नगरेको भेटिएको हो ।

कुनैपनि कम्पनीहरुले आफ्नो योजना देखाएर त्यसैलाई धितो मानी बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण लिने चलन हुन्छ, जसलाई प्रोजेक्ट लोन(परियोजना ऋण) भनिन्छ । 'यो घटनामा सहकारी ऐनकै दायरामा सीमित भई अभियोजन गर्ने अवस्था रहेन । परियोजनालाई नै देखाएर सहकारीबाट गैरकानूनी ऋण लिएको पुष्टि भएको छ' नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोका प्रमुख एवं एआईजी दीपक थापाले भने, 'उनीहरुले गरेका कयौं काम कारवाहीबाट कम्पनी ऐन, २०६३ का विभिन्न प्रावधान उल्लंघन भएका छन् । ब्यूरोबाट खटिएको टोली सहितको अनुसन्धान अधिकृतहरुको टिमले एकमुष्ट रुपमा यो विषय हेर्न खोजेका छौं ।'

विभिन्न सहकारीहरुबाट सोझै वा व्यक्तिको नाममा ऋण लिने क्रममा रवि लामिछानेको प्रत्यक्ष संलग्नता भेटिएको छैन । सहकारीको बचत रकम गोर्खा मिडियामा भित्र्याउने र त्यसपछि परिचालन गर्ने क्रममा सञ्चालकका हैसियतले उनीमाथि समेत अनुसन्धान भइरहेको हो ।

कम्पनी ऐनको दफा १८ मा कम्पनीको संस्थापक वा अरु सदस्यले शेयरमा हक पाउने भए त्यसवारेमा प्रबन्धपत्रमै उल्लेख गर्नुपर्ने भनेको छ । त्यसैगरी संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने भए त्यो पनि प्रबन्धपत्रमा उल्लेख गर्नुपर्छ ।

'गोर्खा मिडियाले त्यही प्रकृतिको ऋण लिएको देखिन्छ, तर कानुनले तोकेका कुनैपनि प्रक्रियाको पालना भएको छैन, कम्पनीले ऋण लिने निर्णय समेत गरेको भेटिंदैन', अनुसन्धानमा संलग्न एक प्रहरीस्रोतले भन्यो, 'कम्पनीको आवरणमा भएको गैरकानूनी काममा त्यसभित्र रहेका सञ्चालकहरुलाई नै जवाफदेही बनाउनुपर्ने विश्वव्यापी मान्यता र कानूनी व्यवस्था समेत छ । हामी त्यसकै आधारमा अघि बढ्दैछौं ।'

तर गोर्खा मिडियाको प्रबन्धपत्रमा न त रवि लामिछानेले सहुलियतपूर्ण शेयर पाउने उल्लेख छ । न त उनले निशुल्क (स्वेट शेयर) पाउने विवरण नै राखिएको छ । प्रहरी स्रोतले भन्यो, 'रवि लामिछानेले संसदीय समितिमा गरेको दावी र गोर्खा मिडियाबाट प्राप्त कागजातका विवरणहरु एक आपसमा बाझिन्छ ।'

विशालबजारको भ्रष्टाचार मुद्दामा सर्वोच्च अदालतले सञ्चालकहरु कम्पनीका सञ्चालकहरु समेत भएकाले उनीहरुले होसियारीका साथ काम गर्नुपर्ने ब्याख्या गरेको थियो । 'कर्पोरेट सुशासनको कर्तव्य सञ्चालकहरुमा सामूहिक र व्यक्तिगत दुवै रुपमा रहन्छ । मेरो मात्र निर्णयबाट अमुक कार्य भएको होइन भनी कुनै सञ्चालकले न्यासधारी कर्तव्यबाट उन्मुक्ति पाउन सक्दैन ।' सहकारी ऐनको दफा १२२ मा सहकारी सम्बन्धी कसुर र दण्ड जरिवानाको व्यवस्था छ, जसमा १७ प्रकारका कसुरहरु समावेश छन् । रवि लामिछाने र छविलाल जोशीमाथि सहकारी सदस्यको बचत अन्य प्रयोजनमा प्रयोग गरेको(दफा १२२ को उपदफा ख) आरोपमा अनुसन्धान भइरहेको छ ।

(स्रोत: अनलाइनखबर)

झ्याप्लेखोला पहिरो : धादिङ प्रशासनले लापरबाही गरेको निष्कर्ष

काठमाडौं,१२ कात्तिक/ छानबिन समितिले असोज दोस्रो हप्ता धादिङको धुनीवेशी नगरपालिका-९ झ्याप्लेखोलाको पहिरोमा ठूलो मानवीय क्षति हुनुमा धादिङ प्रशासनको लापरबाही भएको निष्कर्ष निकालेको छ ।

असोज ११ र १२ वर्षासँगै आएको पहिरोले राजमार्गमा रोकिएका गाडीहरु पुरिँदा ३५ जनाको ज्यान गएको थियो । घटनाबारे छानबिन गर्न प्रहरी प्रधान कार्यालयले एसएसपी सिद्धिबिक्रम शाहको नेतृत्वमा समितिले गठन गरेको थियो ।

समितिले घटनास्थलको अवलोकन गर्नुका साथै स्थानीय र सवारी साधनसँग सम्बन्धित व्यक्तिहरुसँग सोधपुछ गरेको थियो । अब प्रतिवेदनलाई अन्तिम रुप दिएर बुझाउने तयारी गरिएको समितिका एक सदस्यले बताए । उनका सदस्यका अनुसार झ्याप्लेखोलामा ठूलो मानवीय क्षति हुनुमा धादिङ प्रशासनको कमजोरी देखिएको छ । भारी वर्षा हुने मौसम पूर्वानुमान महाशाखाको सूचनालाई गम्भीर रुपमा लिएर प्रतिकार्यको काम नगरेको पाइएको उनले बताए । 'मौसम पूर्वानुमान महाशाखाले जारी गरेको सूचनालाई लिएर कुनै छलफल तथा कार्य योजना समेत बनाएको देखिएन । सूचनालाई गम्भीर रुपमा लिएर काम नगर्दा ठूलो मानवीय क्षति भएको देखिन्छ', ती अधिकृतले संचारकर्मीसँग भने । त्यतिबेला धादिङको प्रमुख जिल्ला अधिकारी (सीडीओ)मा राजेन्द्रदेव पाण्डे थिए भने एसपीमा गौतम केसी थिए । सीडीओकै नेतृत्वमा जिल्ला विपद् व्यवस्थापन समिति रहन्छ । तर ठूलो वर्षा आउने पूर्व जानकारी हुँदैहुँदै सीडीओ पाण्डेले छलफल डाकेर प्रतिकार्यको काम नगरेको समितिले निष्कर्ष निकालेको छ । त्यसैगरी सीडीओ र प्रहरी प्रमुखबीच कुनै समन्वय समेत नभएको समितिले बताएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले नारायणगढ-मुग्लिन हुँदै नागढुंगासम्म सवारी चलाउन रोक लगाउने सूचना समेत जारी गरेको थियो ।

यातायातमा तीन महिनामा २३ करोड राजश्व संकलन

साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ यातायात व्यवस्था कार्यालय हेटौंडाले चालु आर्थिक २०८१/८२ को तीन महिनाको अवधिमा २२ करोड ८१ लाखभन्दा बढी राजस्व संकलन गरेको छ ।

यातायात व्यवस्था सेवा कार्यालय, हेटौंडा

नयाँ सवारी दर्ता, नवीकरण तथा सवारीचालक अनुमतिपत्र वितरणलगायतबाट चालु आव २०८१/८२ को साउनदेखि असोज महिनासम्ममा यातायात कार्यालयले २२ करोड ८१ लाख ४७ हजार आठ सय दुई रुपैयाँ राजस्व संकलन गरेको कार्यालय प्रमुख प्रवीण श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार चालु आवको तीन महिनामा सवारी करबाट दुई करोड ७४ लाख ६४ हजार नौ सय ५१, सवारीचालक अनुमतिपत्र वितरणबाट सात करोड ५८ लाख ७२ हजार ४८, यातायातक्षेत्रको आम्दानीबाट १२ करोड ४८ लाख दुई हजार पाँच सय ५३ तथा बेरुजुबाट आठ हजार दुई सय ५० राजस्व संकलन भएको छ ।

यस्तै, चालु आवको यो अवधिमा मोटरसाइकल पाँच सय ७३ वटा, साना सवारी तीन सय ३२ वटा, टेम्पो/ई-रिक्सा दुई सय ४८ वटा, ठूला तथा मझौला सवारी एक सय ५८ वटा र ट्याक्टर एक गरी एक हजार तीन सय १३ नयाँ सवारी दर्ता भएको कार्यालय प्रमुख श्रेष्ठले जानकारी दिए । यस अवधिमा नयाँ एक हजार एक सय ९६ र वर्ग थप आठ सय ५९ गरी दुई हजार ५५ जनालाई सवारी चालक अनुमतिपत्र (लाइसेन्स) वितरण गरिएको प्रमुख श्रेष्ठले बताए ।

यस्तै यो अवधिमा एक हजार पाँच सय ४६ नवीकरण, २९ वटा प्रतिलिपि १७ नवीकरण प्रतिलिपि दिइएको जनाएको छ । यातायात कार्यालयले अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा विभिन्न शीर्षकमा ५६ करोड सात लाख १७ हजार राजस्व संकलन गरेको थियो । चार हजार तीन सय ९९ वटा सवारीसाधन दर्ता भएको कार्यालयले जानकारी दिएको छ ।

चाँदीको मूर्ति लुकाई ल्याउने हेटौंडाबाट पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ भन्सार छलि ल्याएको अवैध चाँदी सहित एक जना भारतीय नागरिकलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडा उपमहानगरबाट पक्राउ गरेको छ ।

पूर्व-पश्चिम सडकखण्ड अन्तर्गत हेटौंडा उपमहानगरपालिका वडा-१५ स्थित रातोमाटे चेकपोष्ट अगाडिबाट भारत बिहार राज्य मधुवनी जिल्ला जेटीयाही पञ्चायत पर्जुआरटोल बस्ने वर्ष ४८ का मनोजकुमार झालाई अवैध चाँदीसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

पथलैयातर्फबाट हेटौंडातर्फ आउँदै गरेको ना ६ ख ७२६२ नम्बरको यात्रुवाहक बस रोकी जाँच गर्ने क्रममा बसमा सवार झाको शरीरको खानतलासी गर्दा निजले आफ्नो शरीरको छातीमा फल्स बटम बनाई ३२ थान चाँदीको मूर्ति लुकाई ल्याएको अवस्थामा फेला परेको थियो ।

बरामद भएको मूर्तिहरु दुई किलो १९६ ग्राम रहेको र सोमबारको बजारमूल्य अनुसार चाँदी तीन लाख ६६ हजार ५४९ रुपैयाँ बराबरको रहेको प्रहरीको भनाई छ । चाँदीको मूर्तिसहित झालाई नियन्त्रणमा लिई थप अनुसन्धान तथा कारबाहीको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारा पठाइएको छ ।



ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७०४१५, ९८१७८२४५१४, ९८४५२२७०५७

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना